कीर्तिपुरको चित्रण

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

कीर्तिपुर नयाँबजारस्थित
इभा स्टोरको लागि
साधारण सिलाई गर्न जान्ने
कर्मचारी चाहियो
सम्पर्कः फोन नं. ४३३०१९८,
मो. नं. ९८४१३०१४९०

वर्ष ४ अंक २१ (संयुक्तांक १७५) ने. सं. ११३५ पोहेलाथ्व तृतिया बुधवाः २०७१ पुष ९ गते बुधवार (Dec-24, 2014) पृष्ठ १२ मूल्य रु.५/-

## जनजाति, मधेसीदेखि खस समुदायको एउटै गठबन्धनद्वारा आन्दोलनको घोषणा

# 'हस्तक्षेप भए लगातार आम हड्ताल'

**कीर्तिपुर सन्देश साप्ताहिक/**

संविधानसभामा भएका १९ दल र नभएका ११ दल गरि जम्मा ३० दलीय मोर्चामा एकीकृत माओवादी, संघीय समाजवादी पार्टी, नेपाः राष्ट्रिय पार्टी मधेसवादी राजनीतिक दल, जनजातिका विभिन्न राजनीतिक दलदेखि खस समुदायको प्रतिनिधित्व गरेको दल खस समावेशी पार्टी समेत रहेको अवस्था छ । वृहत संघीय गठबन्धन नाम दिइएको सो मोर्चाले पहिलो चरणको आन्दोलन घोषणा गरेको छ ।

पहिचान सहितको संघीयता, समानुपातिक समावेशी र संघीय न्यायपालिकालाई मुल मुद्दा बनाई पहिलो चरणको आन्दोलन पुष १९ गतेदेखि माघ ५ गते सम्म गर्ने भएको छ । आन्दोलनको क्रममा जिल्लास्तर मा सभा प्रर्दशनदेखि प्रादेशीक स्तरको बन्द र देशव्यापी आम हड्ताल समेत घोषणा गरेको छ । सो गठबन्धनमा भएको संघीय समाजवादी पार्टी नेपालका महासचिव राजेन्द्र श्रेष्ठले कीर्तिपुर सन्देश साप्ताहिकसंग कुरा गर्दै आफूहरु अब लागातार रुपमा आन्दोलनमा जाने समेत बताउनु भएको छ । आन्दोलनको क्रममा राज्यको तर्फवाट दमन गरे अर्थात हस्तक्षेप गरे माघ ५ गतेदेखि लगातार रुपमा देशव्यापी आम हड्ताल गर्ने समेत बताउनु भएको छ । त्यसै गरि आन्दोलनको क्रममा ३० दलका भातृ संगठनहरु युवा, विद्यार्थी, महिला, बुद्धिजीवी, मजदुर, किसान सबै जनवर्गीय संगठनहरुको तर्फवाट पनि आ-आफ्नो तयारी गर्ने र अवको आन्दोलन समानताका लागि, पहिचानका लागि ठूलो जनआन्दोलन हुने समेते उहाँले दावी गर्नु भएको छ।



## 'कोइरालाको तुलनामा ओली बाधक'

संविधानसभा भित्र र बाहिर रहेको ३० दलीय मोर्चा वृहत्त संघीय गठबन्धनमा सहभागी भएको नेपाः राष्ट्रिय पार्टीका अध्यक्ष डा. केशवमान शाक्यले अहिलेको अवस्थामा आदिवासी जनजाति लगायत आफूहरुको मोर्चाले उठाएका मागको सन्दर्भमा प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति सुशील कोइरालाको तुलनामा एमालेका अध्यक्ष केपी शर्मा ओली बाधक रहेको बताउनु भएको छ । कीर्तिपुर सन्देश साप्ताहिकसंग कुरा गर्दै डा. शाक्यले नेपाली कांग्रेस भित्र पनि ओलीको जस्तै विचारधारा रहेका नेताहरु भएतापनि पार्टी सभापति एवं प्रधानमन्त्री कोइराला भने सहमतिलाई नै जोड दिदै आएको समेत बताउनु भएको छ । समानता, समावेशी र पहिचानलाई सम्वोधन गराउन रहरले नभई बाध्यताले आन्दोलनमा लागेको समेत उहाँले बताउनु भयो ।

### पहिलो चरणको आन्दोलनका कार्यक्रम

**३० दलको वृहत्त संघीय गठबन्धनले घोषणा गरको पहिलो चरणको आन्दोलन यस प्रकार छन् ।**

**१) पुष १९ गते ७५ वटै जिल्लामा जिल्लास्तरीय जनप्रदर्शन तथा जनसभा**

**पुष २५ देखि २९ गतेसम्म प्रादेशिक स्तरमा बन्द**

**२) पुष २५ गते कर्णाली र खप्तड (खसान)**

**३) पुष २७ गते किरात, खम्बुवान, लिम्बुवान, तमुवान र मगरात**

**४) पुष २८ गते थरुहट र तराई**

**५) पुष २९ गते नेवाः र ताम्सालिङ**

**६)माघ ५ गते देशव्यापी आमहड्ताल**

Plus +2
science
Education/Arts
Management

11 & 12

ENGLISH
M.ENGLISH
MATHEMETICS
& M.MATH

Our services
-Highly qualified, dedicated & friendly teachers
-Research based and effective Teaching.
-Classes are focused on the creative techniques required to succeed in career/personality development.
-Exam oriented handouts and Test Materials.
-Students are encouraged to take Tests at the end of each week of study.
-Frequent Tests, Suggestion, reviews & FREE supporting classes for the weak students.
-Join our Tuition classes Starting every Sunday, Monday & Thursday

Valley Institute Kirtipur
NEAR KIRTIPUR NEW GATE Ph: 01-4332509

नेपालको लागि आधिकारीकविक्रेता

Mobiland Electronic Pvt. Ltd




मोबिल्याण्ड ईलेक्ट्रोनिक प्रा. लि.
कीर्तिपुर- १७, बाहिरी गाउँ (नेपाल) टेलिकमसँगै)
शाखा कार्यालयः महाराजगंज, नारायणगोपाल चोक
फोन नं. ४३३४२३५, ९८५११२५६७०

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक
नजरराम महर्जन
(९८४१४०१०७७)
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

सम्पादकीय

## सम्पूर्ण जाती समुदाय एउटै मोर्चामा

नयाँ संविधान जारी गर्ने भनिएको माघ ८ गते जति जति नजिक हुँदै गएको छ त्यति त्यति नै नेपालका आदिवासी जनजाति, मधेसी, मुस्लीम मात्र नभई खस समुदाय समेत एउटै मोर्चा बनाउन थालेका छन् । पछिल्लो समयमा आदिवासी जनजाति राष्ट्रिय आन्दोलन नेपालसंग खस समावेशी पार्टी समेत मोर्चाबन्दीमा सामेल भएका छन् । खस समावेशी पार्टीले पहिचानको आधारमा खसान प्रदेश हुनुपर्ने माग गर्दै आएको र आदिवासी जनजातिहरुसंग कार्यगत एकता गर्दै मोर्चाबन्दी समेत गरेको अवस्था छ ।

त्यसै गरि संविधानसभामा प्रतिनिधित्व गरेका र नगरेका विभिन्न राजनीतिक दलहरु जसमा जनजातिहरुको जातीय पार्टीदेखि मधेसवादी पार्टी र खस समावेशी पार्टी समेत सहभागी भई पहिलो चरणको आन्दोलन समेत घोषणा गरेको अवस्था छ ।

नेपाल विभिन्न जाती र समुदायको साझा राष्ट्र हो भन्ने कुरामा कसैको पनि दुई मत छैन । सबै जसो जाती र समुदायको प्रतिनिधित्व गर्ने राजनीतिक दलदेखि विभिन्न मोर्चाहरु समेत गठबन्धन गरि पहिचानको आधारमा राज्यको पुर्संरचना गर्नुपर्ने, पहिचानकै आधारमा प्रदेशहरु निर्माण गर्नुपर्ने र समानुपातिक समावेशीलाई स्वीकार गर्नुपर्ने माग गर्दै आन्दोलनमा उत्रेको अवस्था छ । यसरी सबै जाती र समुदाय एक स्थानमा आएको अवस्थामा नेपालका राजनीतिक दलहरुले उनीहरुको मुद्दा र मागको विषयमा सम्वोधन गर्न समयमै ध्यान दिनुपर्ने अवस्था छ । संविधानमा सबै समुदायको माग सम्वोधन नभए भोली मुलुक अप्ठ्यारो अवस्थामा जान सक्छ भन्ने कुरा पनि समयमै बुझ्नु जरुरी रहेको छ ।

## गजल शौरभ शाक्यया

गजल– ३९
निभालं क्वल छंगु जिगु जिन्दगी
धपःथैं ज्वल छंगु जिगु जिन्दगी ।

स्यालं स्या तियाच्वन अन थन
नुगः ख्वल छंगु जिगु जिन्दगी ।

भ्यातु क्वब्युब्युं म्ह छम्हं त्यानुल
अभाबं न्वल छंगु जिगु जिन्दगी ।

वंथाय् तक लँय् पंगलं पतु पं वल
मभिँनं जाःग्वल छंगु जिगु जिन्दगी ।

भ्या भतिचाहे मदु चितासु थन
कँ जक थ्वल छंगु जिगु जिन्दगी ।

# कीर्तिपुर नगरपालिकाको फोहोरमैला व्यवस्थापन, स्थापनाकालदेखि हालसम्म करोडौंको लगानी रहेको पूर्वाधार जोखिममा

कीर्तिपुर नगरपालिका साविकका लायकु, चिथुविहार, पालिफल, वाहिरीगाउँ, विष्णुदेवी, वालकुमारी, चम्पादेवी र चोभार भूतखेल गरी ८ गा.वि.स. मिलाई गठन गरिएको हो । साविक कुनै पनि गा.वि.स.मा फोहोरमैला व्यवस्थापनका लागि न कुनै स्थायी कर्मचारी संयन्त्र थियो न फोहोरमैला संकलन र अन्तिम विसर्जनको व्यवस्था । यसैले गर्दा गा.वि.स.का वासिन्दा रहँदाका समयमा घर भित्रै वा टोल, समुदायवाट नै फोहोरमैलाको व्यवस्थापन हुँदै आएको थियो । नगरपालिका भन्ने वित्तिकै फोहोर मैला व्यवस्थापनको पर्यायका रुपमा लिने आम परिपाटी र जनसहभागितामा आउने कमिका कारण नगरपालिका गठन पछि यसको मुख्य कामका रुपमा फोहोरमैला व्यवस्थापनले ठाउँ लिंदै गयो । पूर्वाधार र पद्धति केहि नभएको हुँदा नगरपालिका गठन भएपछि यस सम्वन्धमा नयाँ शिरावाट काम शुरु गर्नु कीर्तिपुर नगरपालिकाको वाध्यता थियो ।

नयाँवजार घरधनी तथा व्यावसायी समिति, यूनिक ग्रुपमार्फत कीर्तिपुर नगर पालिकाको मुख्य शहरी भाग, नयाँवजारको फोहोरमैला संकलन गरी बागमती किनारमा डम्पिङ्ग गर्ने कार्य शुरु भयो । ति संघ, संस्थाहरुको व्यवस्थापनमा थोरै सहयोग गरी, संचालन खर्चमा सामान्य अनुदान दिई नगर पालिकाले फोहोरमैला व्यवस्थापनमा हातहालेको थियो । पछि नगरपालिकाको आफ्नो जे.सि.बि.लोडर र टिपिङ्ग ट्रक भएपछि संकलन र डम्पिङ्गस्थल व्यवस्थापन समेत नगरपालिकाले नै गर्ने तर फोहोर उत्पादन गर्ने घर, पसल, संघ, संस्थाहरु संग तोकिए वमोजिमको शुल्क ती संघ संस्थाले उठाउँदै आएका छन् । ती शुल्कहरु कतिकति दरमा कति घरधुरी वा व्यवसाय स्थलमा उठाउँछन् त्यसको न कुनै लेखाजोखा छ, न कुनै नियमन छ ।

नगरपालिकाको फोहोरमैला व्यवस्थापन कार्यमा संस्थागत क्षमताविकास गर्ने उद्देश्यले नगर पालिकाका धेरैजना कर्मचारीलाई स्वदेश तथा विदेशमा धेरै पटक छोटो एवं लामो अवधिका तालिमहरु पनि संचालन भई सकेका छन् । ति तालिमहरुको खास प्रभाव र उपलव्धी कार्य क्षेत्रमा नगर वासीले देख्न र भोग्न पाएका छैनन् । सहायक स्तरका केहि कर्मचारीको सक्रियता फोहोरमैला उत्पादनस्थलमा नै घटाउने उद्देश्यले कम्पोष्ट बिन वितरण तथा त्यसको उपयोग सम्वन्धी आधारभूत तालिमहरु प्रभाव–कारी ढङ्गले अगाडि वढाईए पनि पछिल्लो समयमा त्यसको प्रभावकारितामा निकै कमि देखिएको छ । घरधुरीको फोहोर मैला संकलन र व्यवस्थापन कार्यलाई एउटा नियमक निकायको दायरमा ल्याउने मूलअभिप्रायले नगरपालिकाले निजी क्षेत्रवाट खुल्ला प्रस्ताव पनि आव्हान गरेको थियो । फोहोर मैला घरदैलोवाट संकलन गर्ने, जैविक-अजैविक छुट्ट्याउने र ढुवानी गर्ने कार्यका लागि निजी क्षेत्रवाट नगरपालिकाले औपचारिक प्रस्ताव आव्हान गर कोमा पर्याप्त प्रस्तावहरु आएका पनि हुन् । दुर्भाग्यवश त्यसको मूल्याङ्कन प्रक्रिया नै अगाडि वढाईएन । निजी क्षेत्र वेलगाम अघि वढिरहे । नगरपालिका जिम्मेवारी र नियमनको दायित्ववाट आजसम्म पनि टाढा नै रहि रह्यो ।

सिङ्गो नेपाल सरकार मुख्य सचिवको नेतृत्वमा काठमाण्डौ उपत्यकाको सभ्यताको प्रतीक वागमती नदि सफाई अभियानमा जुटेको वर्षौ भई सकेको छ । यसका सकारात्मक प्रभावहरु पनि देखिन थालिसकेका छन् । यता कीर्तिपुर नगरपालिका भने नगर भित्रवाट उठेको फोहोर वागमती नदि किनारमा विसर्जन गर्नमै मस्त छ । त्रिभुवन विश्वविद्यालयको प्राध्यापक आवास गृह, राधास्वामि सत्संग व्यास र मेलम्ची खानेपानी आयोजनाको पाईप डिपोवाट छलिएर वर्षौदेखि वागमति किनार मा नगर भरिको फोहोरमैला डम्पिङ्ग गर्नमा रमाईरहेको छ ।

त्रिभुवन विश्वविद्यालयको नाममा दर्ता प्रमाणित रहेको जग्गामा नेपाल सरकार तथा विश्वविद्यालयको कुनै पनि औपचारिक सहमति नलिईकन करोडौं करोडको लगानी गरी फोहोरमैलाको ल्याण्डफिल साईटका लागि आवश्यक भौतिक पूर्वाधार निर्माण गऱ्यो । निर्माण कार्य थालनी गर्नु अघि वातावरण संरक्षण ऐन एवं नियमावली वमोजिम वातावर णीय प्रभाव मूल्याङ्कन पनि गरि एन । एकातिर दुई वर्ष जति अघि स्थानीय वासिन्दाको विरोधको वहानामा उक्त ल्याण्डफिल साईट वन्द भयो भने अर्को तिर संचालनमा आउने वा नआउने भन्ने कुराको कुनै टुङ्गो नलाग्दै, स्थानीय नयाँवजार वासीको विरोध रहँदा रहँदै, ल्याण्डफिल साईट बन्द भई सकेपछि पनि पचासौं लाखका लगानी क्रमशः थप हुँदै गयो । त्रिभुवन विश्वविद्यालयले त्यस ल्याण्डफिल साईट समेत समेटेर अन्तराष्ट्रिय स्तरको शिक्षण अस्पताल निर्माणको योजना अघि वढाएको छ । यस कुराको जानकारी हुँदाहुँदै न कीर्तिपुर नगर पालिकाले उक्त जग्गाको स्वामित्व लिन वा जारी परियोजना अघि वढाउन सहमतिका लागि सम्वन्धीत निकायमा माग गरेको छ, न विश्वविद्यालय प्रशासनले उक्त कार्य अघि नवढाउन सुझाएको छ । विश्वविद्यालयले आफ्नो क्षेत्रवाट ५० औ रोपनी कित्ता काट गरेर जग्गा दिने वा औपचारिक रुपमा ल्याण्डफिल साईटका लागि भनेर जग्गा उपयोग गर्न सहमति दिने संभावना पनि देखिंदैन । स्थानीयवासीले परियोजना अघि वढाउन नदिएको अवस्थामा वा विश्वविद्यालयले उपरोक्त जग्गा नगरपालिकाका लागि नदिएमा हालसम्म भएको कराडौंको खर्च डुव्ने पक्का छ । यसको जिम्मेवारी कसले लिने ? दलिय संयन्त्र, नगरपालिकाका पदाधिकारीहरुलाई यस विषयमा ज्ञान नभएको हो कि ? जे पर्ला, पर्ला भनि नगरवासीको रगत, पसीनाको कमाईमा जुवा खेलिएको हो ? यो प्रश्न अहिलेसम्म अनुत्तरित नै छ ।

फोहोरमैला व्यवस्थापनमा जर्मन विकास साझेदा यू.डि.एल.ई./ जि.टि.जेड. तथा जापानी विकास साझेदार संस्था जाईकाले पनि प्रत्यक्ष्य तथा अप्रतक्ष्य रुपमा कीर्तिपुर नगर पालिकालाई सहयोग गरेको छ । कर्मचारीहरुको क्षमता, दक्षता अभिवृद्धिका नाममा देश भित्र आयोजना गरिने तालिम कार्यालयको कामवाट छुटकारा लिनका लागि र देश वाहिर हुने कुनै पनि तालिम दातृ निकाय वा राष्ट्रको अल्पविकसित राष्ट्रलाई गर्न प्रस्ताव गरिएको सहयोगको कोटा पूरा गर्ने अनि सम्वन्धीत कर्मचारीको विदेश भ्रमणको ईच्छा पूरा गर्ने वाहेक कुनै उद्देश्य प्राप्ती भएको देखिंदैन ।

अतः यथाशक्य फोहोर मैलालाई श्रोतमा छुट्ट्याउन लगाउने, सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार संकलन तथा विसर्जन, अन्तिम विसर्जन स्थल वागमती किनार मा नगरीकन नगरपालिकाभित्र छुट्टै वा नेपाल सरकारवाट तोकिएको ओखरपौवामा विसर्जनको व्यवस्था गर्न हतार भई सकेको छ । कीर्तिपुर नगरपालिकाले एकाध मन्दिर वाहेक अन्य मन्दिर, सार्वजनिकचोक, वहालको सर सफाईको कार्य गर्न सकेको छैन । सरसफाई सार्वजनिक मठ, मन्दिर , चोक, वहाल, सार्वजनिक शौचालय तथा मूलवाटोहरुको सर सफाई समेत सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार फोहोरमैला संकलन तथा विसर्जन कार्य संलग्न निजी वा गैर सर कारी संस्था वा स्थानीय सामाजिक वा सामुदायिक, सहकारी संस्थाहरु संगको सहकार्यमा अघि वढ्नु उपयोगी हुनेछ । यसो भएमा मात्र नगरपालिकाको फोहोरमैला व्यवस्थापन क्षेत्रमा उत्कृष्ट कार्य सम्पादनको अवस्था श्रृजना हुनेछ ।

–काठमाण्डौं गाईड



# मङ्गलमा विदाई, सम्मान तथा पुरस्कार वितरण




कीर्तिपुर नयाँबजारस्थित मङ्गल उच्च मा.वि./मङ्गल बहुमुखी क्याम्पस ले गत पुष ५ गते शनिवार कक्षा १२ तथा स्नातक तह उत्तीर्ण विद्यार्थीहरुलाई बिदाई, सम्मान तथा विभिन्न पुरस्कार वितरण गरियो।

उच्च माध्यमिक शिक्षा परिषद काठमाडौंका प्रमुख जंगबहादुर अर्यालले पानसमा दीप प्रज्वलन गरी उद्घाटन गर्नु भएको उक्त कार्यक्रमको सभापतित्व प्रा.डा. शिवशरण महर्जनले गर्नु भएको थियो।

शिक्षक रकी महर्जनद्वारा संचालित उक्त कार्यक्रममा स्वागत मन्तव्य सह प्राचार्य लोकलाल महर्जन, प्राचार्य प्रदीप महर्जनले कार्यक्रमको औचित्य माथि प्रकाश पार्नु भएको थियो।

उक्त अवसरमा प्लस टु र स्नातक तहमा उत्कृष्ट विद्यार्थीहरु लाई विभिन्न दाताहरुले सम्मान एवं पुरस्कार पनि वितरण गरिएको थियो। जसमा ज्ञान नगद पुरस्कार दाता ज्ञानुराजा महर्जनले कक्षा १२ शिक्षा संकायमा सर्वोत्कृष्ट अङ्क ल्याउने उजुमा महर्जनलाई प्रदान गर्नु भयो।

२०६३ सालदेखि टीकाराम महर्जनले प्रदान गर्दै आउनु भएको टीका नगद पुरस्कार पनि उजुमा महर्जनले नै प्राप्त गर्नु भयो।

पूर्णलाल महर्जनले २०६६ सालदेखि शिक्षा शास्त्र तथा व्यवस्थापन संकाय तर्फ गरी उत्कृष्ट दुई जनालाई वितरण गर्दै आएको पूर्णलाल नगद पुरस्कार कक्षा १२ शिक्षा संकायतर्फ प्रथम उजुमा महर्जन तथा व्यवस्थापन संकायतर्फ प्रथम हुने अमृता बस्नेतले प्राप्त गर्नु भएको छ।

१२ कक्षामा जनसंख्यामा सर्वोत्कृष्ट अङ्क ल्याउने छात्रामा रिना श्रेष्ठ र छात्रमा मानवहादुर ओलीलाई स्व. सन्त वहादुर महर्जन पुरस्कार श्रीमती नानीशोभा महर्जनले प्रदान गर्नुभयो।

स्नातक तह शिक्षा शास्त्र तथा व्यवस्थापन संकायतर्फ उत्कृष्ट हुने एक एक जना विद्यार्थीहरुलाई प्रदान गरिने रत्नवहादुर स्नातक पुरस्कार शिक्षा संकायतर्फ शंकर बोहरा र व्यवस्थापन संकायतर्फ सजिना महर्जनलाई दाता रत्नवहादुर महर्जनले प्रदान गर्नुभयो।

त्यस्तै वि.सं.२०६९ सालदेखि दिँदै आइरहेको विद्यानन्द नगद पुरस्कार सजिना महर्जन र शंकर बोहरालाई दाता रामानन्द जोशीले जनही रु. ५ हजार नगद प्रदान गर्नुभयो।

स्वास्थ्य शिक्षामा कक्षा १२मा सर्बोत्कृष्ट अंक ल्याउने उजुमा महर्जन र स्नातक तहमा स्वास्थ्य शिक्षामा सर्बोत्कृष्ट अङ्क ल्याउने रश्मिता तण्डुकारलाई कृष्ण हिरा पुरस्कार पूर्णवहादुर महर्जनले प्रदान गर्नुभयो।

वि.सं. २०५८ सालदेखि क्याम्पस संयोजक सिद्धिवहादुर महर्जनले प्रदान गर्दै आउनु भएको ओम पदक कक्षा १२मा सर्बोत्कृष्ट अङ्क ल्याउने अमृता बस्नेतलाई प्रदान गर्नुभयो।

त्यस्तै हाजिरी जवाफ, लङ्गजम्पमा प्रथम हुनेहरुलाई प्रा.डा. हरि महर्जन, टग अफ वार, थ्रि अन थ्रि फुटबलमा प्रथम हुनेहरुलाई प्रा.डा.विष्णु सिं राई र भलिबल, क्रसक्रन्टिमा पहिला हुने छात्र/छात्राहरुलाई प्रा.डा. शिव शरण महर्जनले पुरस्कार वितरण गर्नु भएको थियो।

औपचारिक कार्यक्रम पछि विद्यार्थीहरुले सांस्कृतिक कार्यक्रम पनि प्रस्तुत गरेका थिए।

# संघीय सः पत्रिका विमोचन





सङ्घीय समाजवादी पार्टी नेपालको भातृ संगठन सङ्घीय समाजवादी नेवाः सङ्घले आफ्नो मुखपत्रको पहिलो अंक सङ्घीय सः (सङ्घीय आवाज) प्रकाशित गरेको छ।

गत पौष ५ गते शनिवार सङ्घीय समाजवादी नेवाः सङ्घका केन्द्रिय अध्यक्ष एवं प्रधान सम्पादक मनरत्न शाक्यको सभापतित्वमा नेपाः बेक्वेट, खुशिबुँमा आयोजित पत्रिका विमोचन कार्यक्रममा प्रमुख अतिथि सङ्घीय समाजवादी पार्टी नेपालका महासचिव राजेन्द्र श्रेष्ठले विमोचन गर्नु भएको थियो। पत्रिकाका व्यवस्थापक अमृतमान स्यस्यःले स्वागत मन्तव्य राख्नु भएको थियो। प्रधानसम्पादक मन रत्न शाक्यले पत्रिका प्रकाशित गर्नुको उद्देश्य र औचित्यमाथि प्रकाश पार्नु भएको थियो। व्यवस्थापक धनवहादुर तिमिलाले धन्यवाद मन्तव्य दिनु भएको थियो।

उक्त पत्रिकाको सम्पादक हरुमा ज्ञानेन्द्ररत्न बज्राचार्य, नजर राम महर्जन हुनुहुन्थ्यो। व्यवस्थापकमा अमृतमान स्यस्यः, धनवहादुर तिमिला, सुदय राज शिलाकार रहनु भएको छ। उक्त पत्रिकामा नेपालभाषाको कविता, निवन्ध, कथा, लेखहरु गरी १८ वटा र नेपालीभाषामा ७ वटा लेखहरु समाबेश गरिएका छन। जसमा राजेन्द्र श्रेष्ठको सङ्घ राज्यहरुमा एकाइहरुको सङ्ख्या निर्धारणको सवाल, हेमराज राईको नेपाली लोकतान्त्रिक आन्दोलनको दायित्व र दिशा, मल्ल के सुन्दर को पहिचान प्रदेश वर्तमान समयका दुई मुद्दा, विजय सुब्बाको पहिचान सङ्घीयता र जातीवादीहरु जस्ता पहिचान पक्षका राजनैतिक लेखहरु समावेश गरिएका छन

admission
OPEN
in
PLAY GROUP

Only one
Montessori based No. 1
Pre-School
in
Kirtipur !!!

SHEMROCK
SIMRIK
Int'l Pre-School
WHERE YOUNG MINDS GROW
Kirtipur, Kathmandu
Contact no: 01-4330646, 9841353526

# कीर्तिपुर माध्यमिक विद्यालयमा प्रधानाध्यापक को ?

कीर्तिपुर सन्देश/

कीर्तिपुरको शैक्षिक इतिहासमा महत्वपूर्ण भूमिका खेलेको कीर्तिपुरको पुरानो माध्यमिक विद्यालय कीर्तिपुर माध्यमिक विद्यालयमा प्रधानाध्यापक को हुने होला भनेर अहिले कीर्तिपुरको शैक्षिक क्षेत्रमा चर्चाको विषय भएको छ। यस विषयमा कीर्तिपुर माध्यामिक विद्यालयका पूर्व विद्यार्थीहरुदेखि सर्व सधानरण जनताले समेत चासो लिन थालेको अवस्था छ।

गत मंसिर १२ गते तत्कालिन प्रधानाध्यापक जनार्दन श्रेष्ठले अवकाश ग्रहण गरेपछि कीर्तिपुर माध्यामिक विद्यालयको प्रधानाध्यापकको पद खाली रहेको छ।

जनार्दन श्रेष्ठको अवकाश पछि सहप्रधानाध्यापक मदन कुमार श्रेष्ठले का.मु. प्रधानाध्यापकको रुपमा काम गर्दै आइरहनु भएको छ।

यो एक महिनाको अवधिमा का.मु. प्रधानाध्यापकको सट्टा पूर्ण अधिकार प्राप्त नयाँ प्रधानाध्यापकको आवश्यकता महसुस गर्न थालेका छन।

यसैको साथमा अब प्रधानाध्यापक को हुने होला भनेर कीर्तिपुरवासी कौतुहलताका साथ प्रतिक्षामा छन। यसको साथै विभिन्न प्रतिकृयाहरु प्राप्त हुन थालेका छन।

बहुसंख्यक कीर्तिपुरवासीको अहिलेका का.मु. प्रधानाध्यापक मदन कुमार श्रेष्ठलाई नै प्रधानाध्यापक बनाउनु पर्ने धारणा रहेको छ। सहप्रधानाध्यापक भई काम गरिसक्नु भएकोले उहाँमा अनुभवको कमी नरहेको र स्थानीयबासी पनि भएको कारण उहाँलाई नै प्रधानाध्यापक बनाउनु पर्ने भू.पू. विद्यार्थीहरुको पनि धारणा रहेका छन। उहाँहरुको विचारमा स्थानीय व्यक्ति प्रधानाध्यापक भएमा अलि जिम्मेवारी बोध गर्ने र सामाजिक लोकलाजको कारण पनि विद्यालयको शैक्षिक गुणस्तर, भौतिक संरचना विकास आदि बारे चासो राख्ने देखिन्छ।

उदाहरणको लागि मङ्गल उच्च मा.वि.मा स्थानीय व्यक्ति प्रधानाध्यापक भएकै कारण आजको स्थितिमा पुग्न सकेका हुन। त्यस्तै जनसेवा उच्च मा.वि. पाँगामा पनि स्थानीय बासिन्दा रामदेवी महर्जन पछि नन्द कुमारी महर्जन प्रधानाध्यापक भएकै कारण जनसेवा उच्च मा.वि.ले स्नातक तहसम्म पनि कक्षा संचालन गर्न सकेको उदाहरण पेश गरेका छन। स्थानीयको भावना बुझेर जिल्ला शिक्षा कार्यालय काठमाडौंले स्थानीय व्यक्तिलाई नै प्रधानाध्यापक बनाउने आशा लिएका छन।

# इण्डियन सुपर लिग फुटवल सम्पन्न



नविन महर्जन

इण्डियन फुटवल खेलको विकासको लागि आयोजित प्रथम हिरो इण्डियन सुगर लिग फुटवल-२०१४ अपेक्षित भन्दा धेरै गुणामा सफल भई गत पुस ५ गते शनिवार सम्पन्न भयो। यस प्रतियोगिताले भारतीय फुटवलमा नयाँ वहार ल्याउन सफल भएको छ । यस प्रतियोगिता सफल हुनुमा विशेष गरी निता अंबानी, भारतीय मिडिया, सिने कलाकार, क्रिकेट स्टारहरु एवं लाखौं फुटवलप्रेमी हरुमा जान्छ । जस्ले गर्दा यो इण्डियन सुपर लिग फुटवल विश्वका चर्चित प्रतियोगिताहरु प्रीमियर लिग, लालीगा, बुन्डेसलिगा, पछिको चर्चित लिग प्रतियोगिता हुन सफल भएको छ। टेलिभिजन दर्शकहरुको हिसावले पनि यो लिग सर्वोत्कृष्ट १० मध्ये १ हुन सफल भएको छ।

यस प्रतियोगिताको फाइनल खेल एथलिटिको कोलकाता र केरला ब्लाष्टर बीच भएको थियो। अर्थात् पूर्व क्रिकेट कप्तान सौरभ गांगुली र सचिन टेण्डुलकर बीचको प्रतिस्पर्धा थियो । खेलको ९० मिनेटसम्म कुनै टिमले गोल गर्न सफल भएन । खेलामा केरला ब्लाष्टरले निकै पटक सुन्दर मुभ बनाई आक्रमण गरेका थिए तर कोलकाता गोलकिपरले निकै फूर्तिलो बचाउ गरेका थिए।

परिवर्तन खेलाडिका रुपमा आएका कोलकाताका मोहम्मद रफिकले अतिरिक्त समयमा हेड मार्फत गोल गर्दै आफ्नो टिमलाई च्याम्पियन बनाउन सफल भएको थियो । उक्त १ मात्र गोलले पहिलो संस्करणको हिरो इण्डियन सुपर लिग फुटवल च्याम्पियन बन्न सफल भएको थियो । जस्ले गर्दा च्याम्पियन ट्रफीको साथ नगद ८ करोड जित्न सफल भएको थियो।

उपविजेतामा चित्त बुझाउन बाध्य भएको केरला ब्लाष्टर टिमले रु.४ करोड जित्न सपल भएको थियो।

यस प्रतियोगितामा होम एण्ड अवय् गरी डवललीग प्रणालीमा खेल भएको थियो । जस्मा उत्कृष्ट खेल प्रदर्शन गरी सेमिफाइनलमा कोलकाता, केरला, चेन्नई र गोवा पुगेका थिए । जस अन्तर्गत भएको पहिलो सेमिफाइनलमा चेन्नाईलाई केरलाले होम गेममा ३-० गोलले पराजित गर्दा अग्रता कायम गरेको थियो। कोलकाता र गोवाको बीच खेलमा ०-० भई बराबर भएको थियो । दोस्रो पटकको सेमिफाइनलमा चेन्नईले ३-गोलले अग्रता लिई आफ्नो हाम ग्राउण्डमा केरलासँग बराबरी नतिजा निकालेको थियो तर ३० मिनेटको थप समयमा खेलको अन्त अन्तिर गोल गर्दै समग्रमा ४-३ गोलले जित हासिल गर्दै फाइनलमा पुगेका थिए भने अर्को सेमिफाइनल खेलमा कोलकाता र गोवा निर्धारित अतिरिक्त समयमा समेत खेल पुनः बराबर भएको थियो । अन्ततः खेल पेनाल्टीमा गएको थियो। जसमा कोलकाताले जीत हासिल गर्दै फाइनल पुग्न सफल भएको थियो ।

यस प्रतियोगितामा निकै आकर्षक खेल खेल्न सफल चेन्नईका ईलानोले गोल्डेन बुट हासिल गर्न सफल भएको थियो । उसले प्राप्त गरेको नगद पुरस्कार चेन्नई टिमको फुटवल विकासमा दिने जानकारी उक्त टिमका मालिक एवं सिने स्टार अभिषेक बच्चनले जानकारी गरइएका थिए। त्यसैगरी हिरो अफ दि प्लेयर फाइनलको गोलकर्ता मोहम्मद रफिकले हात पारेका थिए। त्यसैगरी मुभमेन्ट्स प्लेयरको रुपमा कोलकाता टिमको गोलकीपरले उपाधि जितेका थिए । त्यसैगरी गोल्डेन ग्लोब जित्न गोवाको किपर सफल भएको छ।

१० हप्तासम्म चलेको यस प्रथम हिरो इण्डियन सुपर लिग फुटवलले भारतीय फुटवलमा नयाँ आयाम थप्न सफल भएको छ । इण्डियन युवाहरुले भविष्यमा यस्ता किसिमको आयोजनाले अन्तर्राष्ट्रिय उपलब्धि हात पार्न अवश्य सहयोग पुग्ने छ। विशेष गरी विश्वस्तरमा अनुभवी लेजेड खेलाडिहरुको संगसंगै खेल्न पाउनु भनेको ठूलो अहोभाग्य हो तसर्थ यस कदमलाई सबैले अवश्य अनुसरण गर्नु पर्ने देखिन्छ।

# राष्ट्र निर्माणमा लागौं सबै



कवि राम महर्जन
नगाउँ, कीनपा-१६

अप्सरा सरी सुन्दरी आमा
सन्तान झगडाको पीडाले गर्दा
मुटु नै कट्कट् दुखाई बस्न
बाध्य भएकी नेपाल आमा –१

कोही छोरा छोरी डाक्टर इन्जिनियर
कोही छोरा छोरी माननिय सभासद
कोही छोरा छोरी सम्पन्न व्यापारी
तर पनि विश्वमा गरिब नेपाल–२

नेपाल आमा त परीझैं राम्री
जस्ले देखे पनि हेरि रहुँ लाग्ने
सन्तानहरुको काला कर्तुतले गर्दा
दुःखी मनले बाँच्नु परेकी –३

आमाको यस्तो असह्य पीडा
सन्तान सबैले बुझेर पनि
केवल आ-आफ्नै स्वार्थको लागि
दाजुभाई आपसमा आरोप प्रत्यारोप–४

छिमेकी कोही शत्रु होला
छिमेकी कोही मित्र होला
आफ्ना गृह कलहको व्यथा सबै
पराई घरमा विसाउन पल्केका –५

स्वार्थ छोडी गृह कलह रोकि
राष्ट्रप्रति माया जगाई
दाजुभाई आपसमा मेलमिलाप भई
राष्ट्र निर्माणमा लागौं सबै –६







ताल तन्त्र आर्टस एण्ड म्यूजिक एकेडेमीमा सम्पर्क राखी

**योग्य एवं व्यवसायीक कलाकार बनौं**

गायन/ हार्मानियम : संगीत प्रवीण श्रीकृष्ण श्रेष्ठ र विश्व नेपाली ( + २ तथा इलाहावादबाट शास्त्रीय संगीतमा परीक्षा दिनेहरुको लागि पनि)
गीतार : सन्तोष महर्जन र मनोज महर्जन
तबला/मादल / D-Jembe: दिलिप किपू राजेन्द्र महर्जन र प्रवेश महर्जन
बासुरीः रमन महर्जन, महेश महर्जन
आर्टस् : सावित्री महर्जन र उमेश महर्जन
सारंगी : श्याम नेपाली र प्रिन्स नेपाली
नृत्य : देवेन्द्र महर्जन
Voilin (भ्वाइलिन) : योगेश डगोरिया

हाम्रा विशेषताहरु

- दक्ष एवं अनुभवी प्रशिक्षकहरुवाट सैद्धान्तिक र व्यवहारिक ज्ञान दिइने
- बालबालिकाको लागि विशेष कक्षाहरु
- संगीत, नृत्यका प्रशिक्षकहरु उत्पादन गरिने

**सम्पर्क समय : विहान ७ बजेदेखि बेलुका ७ बजेसम्म**
**सम्पर्क : ताल तन्त्र आर्टस् एण्ड म्यूजिक एकेडेमी**
**कीर्तिपुर-१७, नयाँबजार (सिभिल बैंकको अगाडि सिसा पसलको माथि)**
**फोनः ९८५१००७४०५, ९८५१०४५४८६, ९८६००८२४९२**

**'सम्पदा संरक्षण – हाम्रो पहिचान'**

कीर्तिपुर गाइड एसोशियसन
**पर्यटन सूचना केन्द्र**
चिथु, कीर्तिपुर फोन ४३३१८१७
इमेल : kirtipurguide098@gmail.com

# उपभोक्ता बचत बजार प्रतिक्षा गर्नुहोस्

**विस्तृत जानकारीको लागि**
**बाघभैरव इलेक्ट्रिक हाउस, कीर्तिपुर**
पाँगा दोवाटो, कीर्तिपुर सपिङ कम्पलेक्स
9851178574/9803822153

# कीर्तिपुर नपाद्धारा खण्डन

प्रस्तुत विषयमा, त्यस पत्रिकाको बर्ष ४ अंक १९ संयुक्तांक १७३ मिति २०७१ मंसिर २४ गते बुधवारको पृष्ठ ७ मा प्रकाशित **"कीर्तिपुर नगर पालिकाका कार्यकारी अधिकृत भट्टराईको सरुवा संस्थागत सुधारका कामहरु अलपत्र"** शिर्षकको समाचार/लेखप्रति यस कार्यालय र कर्मचारीहरुको गम्भीर ध्यानाकर्षण भै सो कपोलकल्पित, भ्रामक, आचार हिन र निन्दनिय, नियोजित/प्रायोजित एवं दुराशययुक्त समाचार/लेख प्रति घोर भत्सर्ना गर्दै निम्न बुँदाहरु साथ सम्पूर्ण नगरवासी पाठक एवं सरोकारवालामा सू-सूचित गरि दिनु हुन सो को खण्डन गरिएको छ , प्रकाशित गरिदिनु हुन अनुरोध छ ।

१) सो समाचार/लेख (?) को श्रोत उल्लेख नभएको र स्थानीय अन्य पत्रिकाहरुमा समेत हुबहु प्रकाशित भएकोले समाचार नभई कुनै दुर्भावनाले ग्रसित ब्यक्ति/ समूहको नियोजित/ प्रायोजित मनगढन्ते, कपोल काल्पित र भ्रामक रहेको स्पष्ट ।

२) निवर्तमान कार्यकारी अधिकृत श्री केशव भट्टराईले शुरुवात गर्नुभएका राम्रा कामहरुमा शाखा प्रमुखहरु र सम्पूर्ण कर्मचारीहरुबाट प्रशंसा एवं भरपुर सहयोग भएर नै ती कार्यहरु कार्यान्वयन भएका हुन ।

३) अत्यन्त न्यून प्रतिस्पर्धा भएका बोलपत्रहरु रद्द गर्न आर्थिक प्रशासन शाखा एवं योजना तथा प्राविधिक शाखा प्रमुखहरुकै सिफारिस भएकोले कोही कसैमा हल्लाखल्ला हुने गुञ्जायस नै नरहेको ।

४) रु साठीलाख सम्मको योजनाको लागि ल. ई. रकम सार्वजनिक सूचनामै प्रकाशित गर्नु पर्ने कानुनी प्रावधान वमोजिम प्रकाशित हुने हुनाले कसैको मिलेमतो हुनुपर्ने सम्भावना नै नरहेको ।

५) कानुनतः ई-विडिङ्गमा जानुपर्ने रकमको ठेक्कापट्टा सोही प्रथाबाटै कार्यान्वयन गरिने नगरपालिकाको नीति रहेको ।

६) वडा कार्यालयहरुको स्थलगत निरीक्षण कार्यकारी अधिकृतको अगुवाईमा आर्थिक प्रशासन शाखा प्रमुख, प्रशासन र कानुन शाखा प्रमुखहरुको संयुक्त टोलीबाट भएको र यस्ता स्थलगत निरीक्षण यसपूर्व शाखा



प्रमुखहरुबाट पटक पटक हुने गरेको ।

७) प्रमुख एवं कार्यकारी अधिकृतले नक्सापास शाखामै गै नक्सापास सम्वन्धी काम गर्ने र धेरै पुराना पेण्डीङ्गका फाईलहरु टुंगो लगाउने राम्रो शुरुवात गर्नु भएको र २०६० साल देखि नै प्रशासन सुधारका क्रममा कर्मचारीहरुको कार्यदलले पटक पटक पेश गरी आएको प्रशासन सुधारका मस्यौदा ग्रहण गरी कायान्वयन गर्ने पतिवद्धता जाहेर गर्नु भएकोमा सम्पूर्ण कर्मचारीहरु आशावादी भै खुशी रहेकोले टाउको दुखाईरहने कुरै भएन । साथै अतिरिक्त आम्दानीको प्रमाण सहित पेश हुन आएमा कारवाही गर्ने प्रतिवद्धता र सजायको भागिदार वन्न तयार ।

८) राजश्व अपचलन के कसरी, कुन कुन कर्मचारीबाट के कति रकमको भएको र सो नियन्त्रण गर्न कुन कुन शाखा प्रमुखहरुले सहयोग नगरेको भन्ने स्पष्ट नगरी सामान्यीकरण गर्दा स्वाभीमानी कर्मचारीलाई चोट पर्न गएको ।

९) योजनाहरुको छनौट वडाभेलादेखि नै छानिएर आई एकिकृत योजना तर्जुमा समिति र राजनैतिक दलहरुबाट समेत छनौट भैसकेपछी नगरपरिषदको बैठकले पारित गर्ने हुँदा योजना शाखा प्रमुखले आफुखुशी छनौट गर्ने कुरा आफैमा मनगढन्ते भएको ।

१०) यस नगरपालिकामा खटी आउने कार्यकारी अधिकृत नेपाल सरकारको प्रतिनिधीको रुपमा आउने र उसले प्रचलित कानुन अनुसारको परिधिभित्र रही काम गर्ने हुँदा अग्रजहरुले शुरु गरेको राम्रा कामहरुको अनुकरण गर्दै नगरपालिकाको श्रोत साधनले थेग्ने, स्थानीय आवश्यकता वीच तादाम्यता मिलाई सरोकारवाला सवैको सहमति र सहयोग लिई कार्यान्वयन गर्ने हुँदा कसैको "एग्रिमो" लिईरहनु पर्ने कुरा कपोलकल्पित मात्र रहेको ।

*(यो खण्डन पनि मेलबाट प्राप्त भएको हो । यसमा पनि कुनै व्यक्ति वा संस्थाको हस्ताक्षर वा छाप नभएको जानकारी गराउन चाहन्छु – संपादक)*

# राष्ट्रिय भूकम्प सुरक्षा दिवस–२०७१

# कीर्तिपुरमा पनि माघ २ गते भुकम्प दिवस मनाइने

कीर्तिपुर सन्देश/

विगत १६ वर्षदेखि हरेक सालको माघ २ गते राष्ट्रिय भूकम्प सुरक्षा दिवस नेपाल सरकारले मनाउँदै आइरहेको छ ।

यसवर्ष १७ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवस यही माघ २ गते कीर्तिपुरको सामुदायिक खेलकुद मैदान नयाँबजारमा हुने भएको छ ।

भूकम्पले ल्याउनसक्ने जनधनको क्षतिलाई न्यूनिकरण गर्नका लागि वि.सं.१९९० साल माघ २ गतेको महाविनासकारी महाभूकम्पलाई सम्झेर यसवर्ष "नसोचेको बेला आउँछ है भुँइचालो, पूर्व तयारी गर्ने हाम्रो पालो" नाराका साथ मनाउन लागेको राष्ट्रिय भूकम्प सुरक्षा दिवसको उद्घाटन सम्माननीय प्रधानमन्त्री सुशील कोइरालाले गर्ने भएको छ ।

उक्त कार्यक्रम भव्यताकासाथ सम्पन्न गर्न उपप्रधानमन्त्री तथा गृहमन्त्री वामदेव गौतमको अध्यक्षतामा भूकम्प सुरक्षा दिवस राष्ट्रिय समितिको बैठक बसेको थियो ।

उक्त वैठकले नै वामदेव गौतमको अध्यक्षतामा कीर्तिपुरमा गर्ने निर्णय गरेको थियो ।

यसैवीच प्रकोप न्यूनिकरणको लागि जनचेतना अभिबृद्धि गर्न कीर्तिपुरमा क्रियाशील सामाजिक संस्थाका सरोकारवाला संस्थाहरु लाई सक्रिय रुपमा कार्यक्रम मनाउन नेपाल रेडक्रस सोसाइटी कीर्तिपुर उपशाखाका सभापति हर्षमान महर्जनले एक प्रेस विज्ञप्ती प्रकाशित गरी अनुरोध गर्नु भएको छ ।

कीर्तिपुरमा भूकम्पीय क्षति न्यूनिकरण गर्ने प्रयासमा नेपाल रेडक्रस सोसाइटी, लुमन्ती आवासको लागि सहयोग, कीर्तिपुर महिला संजाल, ओनस नेपाल, कीर्तिपुर स्वयंसेवक समाज, एनसेट आदि लागिरहेका छन ।


# हार्दिक बधाई



यस विद्यालय व्यवस्थापन समितिका सदस्य श्री नजरराम महर्जनज्यूलाई ११ औं ज्यापु दिवसको उपलक्ष्यमा भएको समारोहमा उहाँले नेपालभाषा साहित्य क्षेत्रमा अतुलनीय योगदान गर्नु भएकोमा प्रधानमन्त्री सुशील कोइरालाज्यूबाट ज्यापु विशेष सम्मान पदकले सम्मानित हुनु भएकोले उहाँलाई हार्दिक बधाईको साथै उत्तरोतर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।

**गोरखनाथ माध्यमिक विद्यालय**

**ढोकासी, कीर्तिपुर–१७**



# भिंतुना



नेवाः स्वायत्त राज्य मंका परिषद किपूया अध्यक्ष मण्डलया दुजः भाजु **नजरराम महर्जन**यात झिंछक्वःगु ज्यापु दिवसया लसताय् जूगु समारोहलय् वय्कलं नेपालभाषा, साहित्य ख्यलय् ज्वःमदुगु योगदान यानादीगुलिं प्रधानमन्त्री सुशील कोइरालाया ल्हातं **ज्यापु विशेष सम्मान पदकं** सम्मानीत जुयादीगुलिं भिंतुना देछायाच्वना

**नेवाः स्वायत्त राज्य मंकाः परिषद**

किपू

## अशोक सोकीको विचार

# अशोक शोकी लेख्नु पऱ्या छ

नौ रत्नले सज्जिएको घरमा बसी चौरासी व्यञ्जन खाने मानिसलाई पनि दुःखको समुन्द्रमा पानीको थोपा जति मात्र सुख लुकी रहेको हुन्छ।

शैलादी यात्रामा पाइला चुके पनि जीवनयापनमा पूर्णिमाको रात पनि ग्रहण लागेजस्तो हुन्छ। सबैभन्दा ठालु सबैभन्दा सुन्दर सुन्दरी सबैभन्दा धनि, सबै यात्रामा साईत खोज्छन्, साईत खोज्नेहरुले बेसाईत पनि व्यहोर्नु पर्ने हुन्छ। सम्राट अशोक पनि चुक्नु पऱ्यो, त्यसैले ज्ञानी ध्यानीले साईतको इच्छा आकांक्षा राखिँदैन जस्ले साईतको आशा गर्दैन उस्लाई बेसाईत हुँदैन, जस्लाई बेसाईत हुँदैन उस्लाई साईतै साईत हुन्छ।

यहाँ धनि पनि गरिब हुन सक्छन् सुन्दर सुन्दरी पनि कुरुप र रोगले ग्रस्त हुन सक्छन्। ठालुलाई पनि दुनियाले लखेट्न सक्छन्।

यो परिस्थितिले हुने कुरा हो अहिलेको माहौल हिजोको भन्दा



धेरै अन्तर छ। हिजो खुनको बदला गुण भन्ने सुनिन्छ, आज गुणको बदला खुन भईरहेको हामी देख्ने सुन्ने गरेका छौं।

समाजमा बहुसंख्यक मानव दानवको रुपमा परिणत भईसक्यो। ज्ञान गुण धर्म सत्यलाई तारा जस्तै टाढा राखी प्रमाण पत्र धन पदलाई बढावा दिनाले अहिले समाज दुर्गन्धित भएर छल, कपट, लोभ, लालच, असत्य ठगीको प्रवृत्ति बढीरहेको देख्न र सुन्न परीरहेको छ।

यो सरुवा रोगले बहुसंख्यक मानिसलाई ग्रस्त बनाई सकेका छन्। त्यसले समाज अहिले नैर स्यतामा परिणत भईरहेछ। सबै मानिस दुःखका भागीदार भईरहेछ। म आफूलाई पनि

लक्ष्मी प्रशाद थियो पनि<br>
सरस्वती प्रशाद भईयो<br>
अशोक नाम रहेर पनि<br>
शोक शोकीमा डुब्यो<br>
भनि भन्नु परेछ। आफ्नो नाममा पनि,<br>
अशोक शोकी लेख्नु पऱ्या छ।

## मस्त हुन्थ्यौं बेहोसीमा

सजाइरहेछु प्रतिच्छाया<br>
तिम्रै राखेर मुटुको कुनामा<br>
खोजेर हेर नियाली<br>
देख्नै नपाई अस्तायो<br>
आई कुहिरोले छेकेर<br>
जलाईसकेको देहावसानमा<br>
कुरि बस्छु माझमा<br>
किन्तु तिम्रै प्रतिक्षामा<br>
आउँथ्यौ कि भन्ने आशामा<br>
लिई खरानी छातीमा<br>
कति बित्यो विहालमा<br>
मस्त हुन्थें बेहोसमा

*अशोक शोकीका देश मेरो पुस्तकबाट*

# रक्तसंचार मसाज र थेरापि सम्बन्धि एक जानकारी



–राजेन्द्र अमात्य–

मानव शरीरमा १०० खर बभन्दा बढी कोसिकाहरु बनिर हेका हुन्छन्। ती कोशिकाहरुलाई स्वस्थ बनाई राख्नका लागि फूड - सप्लीमेन्टमा शुद्ध पौष्टिक पदार्थहरु पाइन्छ। पौष्टिक पदार्थहरुको अभावको कारण मानव शरीरमा विभिन्न प्रकारका रोग र समस्याहरु आइलाग्दछन्। यस प्रकारको अभाव हुन नदिनका लागि फिट्नेस प्वाइन्ट ट्रेडिङ्गले रक्त संचार थेरापी र सेलुलर पोषण थेरापीका लाभहरुको जानकारी तपाई समक्ष पुऱ्याउँदैछ। यो एक यस्तो सम्भव सोचाई हो जसमा विश्व श्रेणीका उत्पादनहरु सामेल छन् जुन सबै आवश्यक पर्ने भिटामिन, मिनरल, फाइबर, फ्याटी एसिड, एमिनो एसिड र विभिन्न थरिका पौष्टिक तत्वहरुले भरपुर छन। यी उत्पन्नहरुले शरीरलाई सही मात्रामा पोषण प्रदान गर्दछन्। अक्सिजन र पौष्टिक उत्पादनहरुले तत्वहरुको अभावको पूर्ति गर्दछन्। यो लेख पढ्न र बुझ्नका लागि मात्र होइन यसमा लेखिइएका कुराहरु तपाई वा तपाईका घर-परिवारमा कोहि कसैलाई समस्या छ भने व्यवहार मा पनि लागु गरेर हेर्नुहोस्।

मानव शरीरले मेशीन सरह काम गदछ र दिन प्रतिदिन कार्यहरु पुरा गर्नका लागि शरीर लाई पौष्टिक तत्वहरुको निरन्तर आपूर्तिको आवश्यकता पर्दछ। मानव शरीरको इन्जिनले पर्याप्त मात्रामा पोषण नपाएको खण्डमा शरीर सुस्त हुन्छ र शरीरको ऊर्जा शक्ति पनि कम हुँदै जान्छ। अनि फलस्वरुप शरीरले गतिलो पाराले काम गर्न सक्ने छैन। तसर्थ निम्नलिखित कारणहरुले गर्दा शरीरले उचित प्रकारको कार्य गर्न सक्दैन।

अव्यवस्थित जीवनशैली :– मानवजातिलाई आरामका साधनहरु तिव्र रुपमा वृद्धि भईर हेको छ र धेरैजसो मानिसहरु तिनको उपभोग गर्दै प्रायः निस्क्रिय नै भईसकेका छन् र आजकलको मानिसमा जाँगर नै हराएको छ। अहिलेका मानिसहरु १०० मिटर पनि हिंड्न अल्छी गर्छन। ५-१० मिनेट हिंडेर पुग्ने ठाउँमा मोटर साइकल वा सार्वजनिक यातायात प्रयोग गर्छन्। उनीहरुले अन्य कतिपय नचाहिँदा कुराहरुको उपयोग पनि गरिरहेका हुन्छन् तर आवश्यक पौष्टिक तत्वहरुको वास्ता नै गर्दैनन्।

खाद्यपदार्थहरुको चयनः– मानवको जिब्रोलाई स्वादले बिगारेको छ अनि शरीरलाई उपयुक्त पर्ने पदार्थको स्वाद बिर्सेको हुन्छ। हामीले आफूलाई मिठो लाग्ने चीजहरुको सेवन गर्छौं। तर शरीरलाई आवश्यक पर्ने फुड-सप्लीमेन्ट र रक्तसंचार थेरापीका लागि जरुरी नठहरिन पनि सक्दछन् अनि त्यसैले गर्दा अन्ततः मानव स्वास्थय नै बिगिन्छ।

फल र सागपातको कम्ती खपतः फल र सागपातले शरीर लाई फाइबरका साथसाथै अन्य आवश्यक भिटामिन र मिनरल प्रदान गर्दछन्। उनीहरुले उचित पाचन र स्वास्थ्यको सुधारमा पनि सघाउँछन्। तर मानिसहरुले यस्ता लाभहरुको वेवास्ता गर्दै, शरीरलाई आवश्यक ठहरिने फल र सागपातको न्यूनतम मात्राको पनि सेवन गर्दैन।

व्यस्त कार्यक्रम : हाम्रो कामको व्यस्तत बढ्दै जान्छ र फलस्वप समयको अभाव पनि हुँदै जाँदा स्वास्थ्य प्रति त्यतिको ध्यान दिन हामीले पाउँदैनौं। नेपालीको उखानै छ, जहाँ इच्छा त्यहाँ उपाय, समय नहुँदा जे भेटिन्छ त्यहि नै खाइन्छ अनि खाने समय पनि ठीक नमिलेको हुँदा शरीरमा पौष्टिक पदार्थहरुको अभाव धेरै नै हुन्छ

हलुंगो आहारको सेवन : हामीमध्ये कतिपयले नसोची तथा थाहा पाउँदा पाउँदै पनि आफ्नो वजन घटाउनका लागि निर्धारित आहार खान थाल्छौं तर संगसंगै हामीले शरीरलाई चाहिने पौष्टिक तत्वहरुबाट आफूलाई वंचित गराई रहेका हुन्छौं। हामीले खाने समय, खाद्यपदार्थ र शारीरिक व्यायाम बीच एक संतुलन ल्याउने प्रयास गर्नुपर्दछ।

बात(अर्थराटिस) : बातले विश्वभरिका लाखौं मानिसहरु लाई नराम्रोसंग प्रभावित पारेको छ। बातको मुख्य लक्षण शरीरमा रातो दाग, जाइनी तातिने र सुन्निने हुन्। मुख्य रुपले घुँडा, हात, चाक र मेरुदडको जोड्नीलाई असर पार्छ।

अष्टिओ आर्थराटिसः यो निकृष्टतम जोडनीको रोग हो। जो विश्वमा सबैभन्दा आम जोड्नीको रोग हो। यसले मुख्य रुपले वजन उठाउने जोडनीहरु जस्तैः चाक, घुँडा, गोलीगाँठोमा असर गर्छ। अस्टिओर्थराइटिसमा कार्टिलेज जोड्नीलाई आराम दिने नरम हाड-अररो हुन्छ र यसले आफ्नो लचकता गुमाउँछ। यसले गर्दा जोड्नीहरुमा क्षय हुने सम्भावना बढ्छ जसले गर्दा दुखाई, सुन्निने, हिंड्न-डुल्न घट्छ र स्वास्थ्य स्थिति झन- झन बिग्रिंदै जान्छ।

मानव शरीरको जोड्नीलाई आवश्यक पर्ने कुरा – एक स्वस्थ कार्टिलेजलाई ३ चीजहरुको आवश्यकता पर्दछ। हाईड्रोजन, लुब्रिकेशन र पोषणको लागि पानी पानी तानेर राख्न प्रोटीग्लीक्यान प्रोटीग्लीक्यान लाई यथास्थानमा र ाख्न कोलाजेन।

रक्तसंचार मसाज र थेरापी : विश्व स्वास्थ्य संगठन ध्व्ज द्वारा मान्यता प्राप्त रक्तसंचार मसाज र मेशीन त्भलक कम्पनीको प्रोडक्ट हो। यसको प्रयोगले मानव स्वास्थ्यलाई धेरै फाइदाहरु उपलब्ध छन्। १५ मिनेट रक्तसंचार थेरापी गरेमा २ घण्टाको हिंडाई बराबर हुन्छ। यसको सिद्धान्त प्राकृतिक जीवन अनुरुप छ। यसले स्वास्थ्यमा कुनै दुष्प्रभाव गर्दैन, ढाडकम्मर, हाडजोर्नीको दुखाई, नशा च्यापिएको हड्डी खिइएको, युरिक एसिड बढेको दुखाई, प्यार लाईसिस तथा बृहत बात रोगहरुका लागि रामबाण चटक्कै निको गराउँदछ। यसले शरीरमा अक्सिजनको आपूर्ति गर्दछ, शरीर मा भएको विषालुतत्व (टक्सिन) बाहिर निकाल्छ र आयु बढाउँछ। शरीरमा भएका कोषहरुलाई सक्रिय बनाउन तथा प्रतिरोधात्मक क्षमतालाई सुधार गर्न सहयोग गर्दछ। प्रेशर र सुगर का रोगीहरुका लागि अमृत तुल्य नै छ भन्दा फरक पर्दैन।

पुनः नदोहरिकन दुखाई निको : आम मानिसहरु सस्तो र छिनभर को लागि तुरुन्त दुखाई कम गर्ने अंग्रेजी औषधि (एलोपेथिक) पेनकिलर नै राम्रो मानिन्छ। तर बुझ्नेहरुका लागि त्यस्ता औषधिहरु गलत ठहरिन्छ। मैले आफूले चिनेका साथीहरु र आफन्तहरुलाई भेटघाटमा कुराकानी गर्दा आफूले बुझेका र जानेका कुराहरु भन्दा उनीहरु मलाई उल्टै पागल भएछ तिमी भनेर एक कानले सुनेर अर्को कानले मेरो यी कुराहरु उडाउने गर्दथ्यो। तर मलाई यसमा कुनै चिन्ता छैन। मैले जानेका, बुझेका स्वास्थ्य सम्बन्धि ज्ञानहरु कुनैबेला मलाई नै समस्या पर्दा स्वयम आफैलाई काम लाग्छ भनि मनलाई बुझाउँछु। दुखाई पुनः नदोहरिकन निको नै पार्नु छ भने आफ्नो जीवनशैली पनि परिवर्न गर्नुपर्छ। माथी भनिएका अनुसार शरीरलाई आवश्यक पर्ने पौष्टिक पदार्थहरुको सेवन गर्नु, शारीरिक व्यायाम गर्नु, समय अनुकुल र क्तसंचार मसाजर थेरापी गर्नु। जोड्नीमा लुब्रिकेट नपुगेर दुखाई भएका ग्लुकोसेमाइन, पेन रिलिफ मसाज तेल प्रयोग गर्नु पर्दछ। नशा च्यापिइएमा, हड्डी कमजोर भएमा क्याल्सियम, स्पिहालिना सेवन गर्नु पर्ने हुन्छ।

खतिरा, दाद, चाँयापोतो : आम नेपाली महिलाहरुलाई अनुहारमा प्रायः चाँयापोतोले दुःख दिइराखेको छ। विवाहपछि महिलाहरु बच्चा जन्माएपछि अनुहारमा चाँयापोतो आएको देखिन्छ र उनीहरु विभिन्न ब्यूटिपार्लर धाउने गर्छ। ब्यूटिपार्लरमा प्रायः रसायनिक तत्व मिसाइएका क्रिम प्रयोग गरी फेसियल गर्ने गर्छ। ती फेसियलले तुरुन्त अनुहारको चाँयापोतो हटेको देखिन्छ तर पुनः चाँयापोतो देखापर्दै जान्छ। अनुहारमा के कस्ता कारणले चाँयापोतो आएको हो त्यो पत्ता लगाउनु अनिवार्य छ। कारण पत्ता लगाएर ट्रेटमेन्ट गरेमा सँधैका लागि चाँयापोतो हटेर जान्छ। अनुहारमा जुनसुकै कार णले चाँयापोतो आएको होस् त्यसको दिर्घकालीन ट्रेटमेन्ट हो -सिल्क एण्ड स्टेड, स्कालाईट, स्पिरुलिना, नीम प्रयोग गर्नु पर्छ। साथै समय अनुकूल मिलाएर रक्तसंचार मसाज र थेरापी पनि गर्नु अति नै उपयुक्त हुन्छ।

मधुमेहः सुगर रोगले मानिसहरु अति नै दुःखपूर्ण बाँचिरहेका छन्। जीवनशैली नराम्रो, व्यायामको कमी, अखाद्य खानेकुराले नै मधुमेह रोग जन्म भएको हो। सुगर निर्मुल गर्न सकिँदैन तर निको पार्न भने सकिन्छ। कतिपय चिकित्सकहरु सुगर निको हुने रोग होइन भन्छ तर म चाहिँ सुगर रोग निको हुन्छ भन्छु। अखाद्य खाने कुरा खाने, व्यायाम नगर्ने, रसायनिक तत्व मिसाएका एलोपेथिक औषधिले सुगर निको हुँदैन। सुगरलाई लापर्वाही गऱ्यो भने मृगौला, कलेजो, आँखा फोक्सो तथा मुटुलाई कमजोर बनाई बिग्रन सक्छ। सुगरको सहि उपचार भनेको स्वस्थ जीवन शैली, नियमित स्वास्थ्य अनुरुप व्यायाम गर्ने गर्नुपर्दछ। सुगर सँधै ठीक लेबलमा राख्नु नै सुगर रोग निको भएको मान्नु पर्छ। एलोपेथिक औषधिले सुगरको लेवल तल माथी भईरहन्छ र शरीरलाई पनि कमजोर बनाएको हुन्छ। सुगर रोगका लागि अति नै उत्तम मानिने –नोनी, जिम्निमा, डाइवाकोन र नीम हो। साथै समय अनुकूल रक्त संचार मसाजर थेरापी गर्नु पर्नेछ। यो प्रविधिको उपचारले सँधैभर ी सुगर लेवल ीक भैरहन्छ।

केश झर्ने : विभिन्न प्रकार को वासनादार साबुन र स्याम्पू को प्रयोग, केश राम्रो बनाउने विभिन्न रंगको प्रयोग, केश स्ट्रेट र कर्ली बनाउन आइरन लगाउनाले केश झर्ने समस्या बढ्दो छ। स्वास्थ्यका लागि खानेकुराम प्रोटिन आवश्यकता पर्ने जस्तै केशलाई पनि प्रोटिनको आवश्यकता पर्दछ। आम मानिसहरु केश झर्न थालेपछि केश झर्न रोक्ने तेल-श्याम्पू लगाउने गर्छ। तर त्यो बानी विलकुल गलत छ। केश नझर्दै केशलाई प्रोटिन युक्त खानेकुरा खानुपर्छ र लगाउने तेल प्रयोग गर्नुपर्छ। त्यसका लागि नोनी, एलोवेरा केशयोग तेल लगाउनु पर्दछ।

यौन समस्याः बढ्दो उमेर, प्रेशर र सुगरले गर्दा महिला-पुरुष दुवैलाई यौनशक्ति र यौन चाहना कमजोर हुँदै जान्छ। स्वास्थ्यमा कुनै पनि रोग नभए तापनि उमेर बढ्दै गएपछि महिला-पुरुष दुवैलाई यौन चाहनाको कमी र यौन उत्तेजना नहुने समस्या हुन्छ। यौन चाहना महिलामा भन्दा पुरुषमा बढी इच्छा हुन्छ। जुनसुकै कारणले यौन कमजोर, यौन चाहनामा कमी तथा नपुंसकता भएमा हर्वल सप्लीमेन्ट नै सेवन गर्नु उपयोगी हुन्छ। हर्वल सप्लीमेन्ट पौष्टिकता परिपुरक हो, औषधि होइन। साथै समय अनुकूल मिलाएर रक्तसंचार मसाजर थेर पी गरेमा पनि यौन शक्तिमा सुधार हुन्छ।

# युद्धस्तरमा तयारी रहरले होइन बाध्यताले

## सन्दर्भ : नेवाः एकता दिवस संघर्षको रुपमा मनाउने, कीर्तिपुरमा पनि तयारी




नेवाः एकता दिवस भनेको नेवाः स्वायत्त राज्य जनस्तरबाट घोषणा गरेको दिनको सम्झनामा मनाउँदै आइरहेको हो। गत बर्ष राजधानीको बसन्तपुरमा नेवाः एकता दिवस मनाइएको थियो। त्यस भन्दा अघि टुडिखेल, ललितपुरको पुल्चोकर र कीर्तिपुरमा समेत मनाई सकेको अवस्था छ। जनस्तरवाट नै स्वायत्त राज्य घोषणा पहिलो पटक काठमाण्डौंका आदिवासी नेवार समुदायले गरेको हो। तत्कालिन अवस्थामा दशरथ रंगशालामा लाखौं नेवारहरुको उपस्थितिमा नेवाः स्वायत्त राज्य घोषणा गरिएको हो। नेवाः स्वायत्त राज्यका लागि आन्दोलन गर्दै आएको नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समितिले नै प्रत्येक वर्ष नेवाः एकता दिवस मनाउँदै आएको हो। यसपालीको नेवाः एकता दिवस पाँचौं हो। आउने पोहेलाथ्व नवमि अर्थात पुष १५ गते नेवाः एकता दिवस मनाउन गइरहेको छ। यसपालीको दिवस एउटा पर्वको रुपमा होइन संघर्षको रुपमा मनाउन लागेको छ। नेवाः स्वायत्त राज्यको लागि आन्दोलन गर्दै आइरहेका नेवारहरुको साझा मोर्चा नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समितिले यसपाली संघर्षको रुपमा मनाउनको लागि आवश्यक तयारी गरेको छ। पहिले पहिले भएको नेवाः एकता दिवस मनाउन एक महिना पहिलेदेखि नै विभिन्न कार्यक्रमहरु सार्वजनिक गरेर ठाउँ ठाउँमा कार्यक्रम गर्ने गरिन्थ्यो।

यसपाली बाध्यता भएको कारणले युद्धस्तरमा तयारी गर्न नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समितिका अगुवाहरु बाध्य भएको छ। नेवाः एकता दिवस संघर्षको रुपमा मनाउने रहर नेवाः अगुवाहरुको अवश्य होइन। यो एक किसिमको बाध्यता हो। संविधानसभाबाट माघ ८ गते संविधान जारी गर्ने भनेर सत्तारुढ दल नेपाली कांग्रेस र एमाले अरुसंग मिलेर दुई तिहाई बहुमतिय प्रक्रियामा जाने प्रयास गरिरहेको छ। उनीहरुसंग दुई तिहाई बहुमत हुनुको साथै पहिचान विनाको प्रदेश निर्माण गर्ने प्रस्ताव समेत लगिसकेको अवस्थामा पहिचान पक्षधरहरु आन्दोलनमा उत्रनु उनीहरुको बाध्यता भएको छ। माघ ८ गते आउन धेरै दिन बाँकी छैन। अहिले सडक तताउन सकेन भने पहिचान सहितको संघीयता नआउने, भौगोलिक आधारमा मात्र प्रदेशहरु निर्माण हुने वा संघीयतालाई छाडेर संविधान जारी हुने अवस्था आएको छ। त्यसैले यो समय पहिचान सहितको संघीयता पक्षधर आदिवासी जनजातिको साथै नेवाःहरुको लागि गर या मर को संघर्षमा उत्रनु पर्ने अवस्था आयो भनेर बुझ्नु पर्नेछ। त्यसैले होला नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समितिले पनि यसपाली नेवाः एकता दिवसलाई संघर्षको रुपमा मनाउने भएको छ। नेवाः एकता दिवस मनाउने दिन पौष १५ गते आउन एक हप्तामात्र बाँकी हुँदा पौष ७ गते मात्र कार्यक्रमलाई अन्तिम रुप दिन सकेको हो। एक हप्ताभित्र नेवारहरुलाई सडकमा उतार्नको लागि दर्जनौं कार्यक्रमहरु मंकाः संघर्ष समितिले तयार गरेको छ। नेवाः कर्मचारी भेला, नेवाः व्यापारी भेला, नेवाः पत्रकार भेला, नेवाः महिला भेला, नेवाः बुद्धिजीवी भेला, मोटरसाईकल ऱ्याली, प्रचार जुलुस, काठमाडौंको टोल टोलमा भेला, सांस्कृतिक कार्यक्रम, ललितपुर, भक्तपुर, कीर्तिपुर, थानकोट, साँखु, टोखा, बुंगमतिको साथै उपत्यकाको गाउँ गाउँमा समेत भेलाको साथै प्रचार सभा गर्ने योजना बनाएको छ। पौष ८ गते मंगलवार देखि सुरु गर्ने योजना बनाएको उक्त कार्यक्रम पूरा गर्न दिनको तीन चारवटा कार्यक्रम गर्नु पर्ने अवस्था छ। नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समितिका नयाँ अध्यक्ष मनोज नेवाः खड्गीले अब एक हप्ता भित्र युद्धस्तरमा तयारी गरेर आन्दोलनको रुपमा नेवारहरुलाई सडकमा उतार्ने बताउनु भयो। यसपाली आन्दोलनको रुपमा मनाउने भएर भाषणवाजी गर्ने कार्यक्रमलाई महत्व दिनुको सट्टा प्रदर्शनको रुपमा नै नेवाः एकता दिवस मनाउने अर्थात संघर्षको रुपमा मनाएर सडकमा नाराबाजी गर्दै प्रदर्शन गर्ने योजना बनाएको छ। एक किसिमले पहिचान विरोधीहरुलाई खबर दारी गर्ने किसिमले शक्ति प्रदर्शन गर्ने किसिमले काठमाडौंमा प्रदर्शन गर्ने भएको छ। काठमाडौंको वसन्तपुरदेखि जुलुस प्रदर्शन गरेर नेवाः एकता दिवस आन्दोलनको रुपमा मनाउन लागेको छ। यस्तो किसिमको तयारी गर्नु भनेको एक किसिमले चुनौतिको सामना गर्न तयार गरेको होइन भन्न मिल्दैन। तैपनि यसपालीको यस किसिमको तयारीले कति नेवारहरु सडकमा उत्रेर नेवाः स्वायत्त राज्यको लागि कति नेवारहरु सडकमा उत्रने छन् त्यो त पौष १५ गते नै स्पष्ट हुनेछ भन्दा कुनै फरक पर्ने छैन। पछिल्लो समयमा नेवाः एकता दिवसलाई आन्दोलनको रुपमा मनाउने तयारी बैठकमा कीर्तिपुरमा नेवाः स्वायत्त राज्यका लागि संघर्ष गर्दै आएको नेवाः स्वायत्त राज्य मंकाः परिषद्का प्रतिनिधिलाई समेत सहभागी गराएको थाहा भएको छ।

यसैबीच नेवाः एकता दिवसको बारेमा छलफल गर्न नेवाः स्वायत्त राज्य मंकाः परिषद कीर्तिपुरले पौष ९ गते बुधवार बृहत भेलाको आयोजना गरेको छ। उक्त भेलाले कीर्तिपुरवासीले कस्तो किसिमको सहभागीता जनाउने बारेमा ठोस निर्णय गरी कार्यान्वयन तिर लाग्ने परिषदका अध्यक्ष मण्डलका अध्यक्ष पंचलाल महर्जनले यस पत्रिकालाई जानकारी दिनु भएको छ।

**कीर्तिपुर नगरपालिकाको कार्यालय, कीर्तिपुर, काठमाण्डौ**

आ.व. २०७२/०७३ मा स्थानिय स्वायक्त शासन ऐन, २०५५ तथा स्थानिय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम

२० औं नगर परिषद् बैठकको कार्यतालिका सम्बन्धी सूचना

| क्र.सं. | कार्यक्रमको विवरण | | | | | | मिति | समय | स्थान |
|---|---|---|---|---|---|---|---|---|---|
| १.० | बजेट पूर्वानुमान र मार्गदर्शन | | | | | | २०७१ कार्तिक ३० गते, आइतवार | | |
| २.० | बजेट पूर्वानुमान/मार्गदर्शनको पुनरावलोकन | | | | | | २०७१ मंसिर ७ गते, आइतवार | | |
| ३.० | आ.व. २०७२/०७३ का लागि योजना तर्जुमा बैठक | | | | | | २०७१ मंसिर १२ गते, शुक्रवार | बिहान ८ : ०० बजे | न.पा. सभाकक्ष |
| ४.० | नगरपालिका बैठक | | | | | | २०७१ पौष २ गते, बुधवार | बिहान ८ : ०० बजे | न.पा. सभाकक्ष |
| ५.० | वस्तीस्तरको योजना छनौट | | | | | | २०७१ पौष ४ गते, शुक्रबार सम्म | | वस्ती स्तरमा |
| ६.० | आ.व. २०७२/०७३ का लागि वडा स्तरीय योजना तर्जुमा भेला | | | | | | पौष दोश्रो हप्ताभित्र पौष (६ देखी ९ )गते सम्म | | |
| | टोलि न | १ | २ | ३ | ४ | ५ | | | |
| ६.१ | वडा नं. | १ | ९ | ७ | १३ | १६ | २०७१ पौष ६ गते | बिहान ७:०० बजे | सम्बन्धीत वडाले तोकेको स्थानमा |
| ६.२ | वडा नं. | २ | १० | ८ | १४ | १७ | २०७१ पौष ७ गते | बिहान ७:०० बजे | सम्बन्धीत वडाले तोकेको स्थानमा |
| ६.३ | वडा नं. | ३ | ११ | ५ | १५ | १८ | २०७१ पौष ८ गते | बिहान ७:०० बजे | सम्बन्धीत वडाले तोकेको स्थानमा |
| ६.४ | वडा नं. | ४ | १२ | ६ | | १९ | २०७१ पौष ९ गते | बिहान ७:०० बजे | सम्बन्धीत वडाले तोकेको स्थानमा |
| ७.० | विषयगत/एकृकित योजना तर्जुमा समितिको बैठक | | | | | | २०७१ पौष १३ गते, आइतवार | अपरान्ह १:०० बजे | न.पा. सभाकक्ष |
| ८.० | नगरपालिका बैठक | | | | | | २०७१ पौष १७ गते, बिहीवार | बिहान ८:०० बजे | न.पा. सभाकक्ष |
| ९.० | आ.व. ०७२/०७३ का लागि २० औं नगर परिषद् बैठक | | | | | | २०७१ पौष २५ गते, शुक्रवार | बिहान १०:०० बजे | न.पा. सभाकक्ष |

पुनश्चः टोली नं. १, कृष्ण भोला महर्जन र राजु महर्जन, टोली नं. २ सुजिन्द्र महर्जन र काजिराम मालाकार, टोली नं. ३ अनुज प्रधान र राजेश महर्जन, टोली नं. ४ ब्रिटीश सिंह र रविन प्रसाद फैंजु, टोली नं. ५ चन्द्रमाया महर्जन र श्रृजना महर्जन साथै कार्यकारी अधिकृत, वरिष्ठ लेखा अधिकृत र योजना प्रमुख द्वारा अनुगमन गर्ने र शहरी शासन विज्ञद्वारा सहजीकरण गर्ने।







# जनजाति आन्दोलन ३० दलसंग परिपुरकको रुपमा जाने तयारी

पहिचान सहितको संघीयता, भाषा, जाती, धर्म लागयत सबै क्षेत्रमा समानताका लागि आन्दोलन सुरु गरेको आदिवासी जनजाति राष्ट्रिय आन्दोलन नेपाल अव ३० दलीय आन्दोलनको परिपुरकको रुपा अगाडी बढ्ने भएको छ ।

३० दलले पहिचान सहितको संघीता, समावेशी, समानुपातिक एवं संघीय न्यायपालिकाका लागि सडक आन्दोलन घोषणा गरेको अवस्थामा पद्मरत्न तुलाधरको नेतृत्वमा बनेको आदिवासी जनजाति आन्दोलन नेपालले पनि ३० दलीय आन्दोलनको परिपुरकको रुपमा जाने तयारी भइरहेको आदिवासी जनजाति आन्दोलनका एक अगुवाले कीर्तिपुर सन्देशलाई जानकारी दिनु भएको छ । गत पुष ४ गते राजधानीको माइतिघर मण्डलावाट संविधानसभा भवन रहेको नयाँ बानेश्वरसम्म मार्चपास गरेको जनजाति आन्दोलनले अव सडक आन्दोलनलाई नै प्राथमिकता दिदै जाने समेत उहाँले बताउनु भएको छ ।

दोस्रो चरणको आन्दोलन मूल रुपमा सडक आन्दोलको रुपमा केन्द्रित हुने र अवको आन्दोलन देशव्यापी रुपमा गर्ने समेत बताइएको छ । गत मंसीर महिनादेखि प्रचारात्मक आन्दोलनको रुपमा विभिन्न जिल्लाका शहरहरुमा भेला र सभामा केन्द्रीत भएको आदिवासी जनजाति आन्दोलनले अव लगातार रुपमा आन्दोलन गर्ने योजना समेत बनाईएको छ ।

आदिवासी जनजाति लगायत सम्पूर्ण जातीय समुदाय र भाषिक समुदायको समानताको अधिकार संविधानमा सुनिश्चित नभए सम्म सम्झौताहिन आन्दोलनको उद्घोष गरेको आदिवासी जनजाति आन्दोलनको क्रममा गत पुष ४ गते भएको कार्यक्रमले आदिवासी जनजातिहरुलाई उत्साहित बनाएको समेत जनजाति नेताहरुले बताएका छन् ।

गत पुष ४ गते भएको आन्दोलनको क्रममा संयोजक पद्मरत्न तुलाधरले सम्वोधन गर्दै नेपालमा आदिवासी जनजाति लगायत सम्पूर्ण समुदाय समानताका लागि आन्दोलनमा रहेको सन्देश अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउन र नेपालका राजनीतिक दलका नेताहरुलाई खबरदारी गर्न आफूहरु आन्दोलनमा होमिएको समेत बताउनु भएको थियो । उहाँले अधिकार प्राप्त नभए सम्म लगातार रुपमा सम्झौताहिन आन्दोलन गर्ने र विगतमा जस्तै एउटा दुईटा प्रदर्शन र बन्दमा मात्र नबस्ने समेत बताउनु भएको थियो ।

*कीर्तिपुरका साथ साथै राष्ट्रिय समाचार सहितको प्रत्येक बुधवार विशेष अंक कीर्तिपुर सन्देश साप्ताहिक तपाईको घर घरमा*

kirtipur_sandesh@live.com
http:kirtipursandesh.blogspot.com

# दन्त चिकित्सा एवं दन्त स्वास्थ्य



**सोनेलाल साह**
B.A.M.S.Final phase
आयुर्वेद क्याम्पस, कीर्तिपुर

**समयमा ध्यान नदिएको के हुन्छ ?** – दन्त स्वास्थ्यलाई समयमा नै ध्यान नपुऱ्याउँदा दाँतको सामान्य रोगदेखि जटिलता हुँदै मृत्यू समेत हुन जान्छ । जति समय हुँदै जान्छ त्यति उपचारको खर्च तथा जटिलता पनि गम्भिर हुँदै जाने भएकाले जतिसक्दो चाँडो र ोगहरुको उपचार तथा सल्लाह लिन दन्तचिकित्सक कहाँ पुग्नु पर्दछ ।

दाँत किराले खाने रपाइरियाबाट स्पेस संक्रमण हुन गई पीप स्पेसमा जम्मा हुन्छ । जम्मा भएको पीपले खाना नली तथा सास फेर्ने नलीलाई चारैतिरबाट थिच्न गई खान तथा सास फेर्न अप्ठ्यारो हुन्छ । अन्त्यमा सास फेर्न नसकी विरामीको मृत्यु हुनजान्छ । त्यसैगरी उक्त स्पेस संक्रमणबाट नै ब्याक्टेरिया, र गत तथा शरीरका अन्य भागमा पुगी सेप्टिसेमिया तथा अन्य र ोग लाग्दछ । त्यसैगरी सेलुलाइटिस, पिनास, साइनस थ्रोम्बोसिस इत्यादि रोग लाग्दछ ।

गिजा सम्बन्धी र मुख समबन्धि रोग भएका व्यक्तिहरुमा अन्य सामान्य स्वस्थ व्यक्तिभन्दा स्वासप्रस्वास सम्बन्धि रोग, मुटुसम्बन्धि रोग जस्तै इन्फेक्टिम इन्डोकार्ड डाइटिस, बाथज्वरो, अनियन्त्रित चिनी रोग, हड्डी कमजोर हुने, हृदयाघात स्ट्रोक र गर्भवति महिलामा समयभन्दा पहिले नै कम तौल भएको बच्चा जन्मिने सम्भावना बढी हुन्छ ।

त्यसैगरी दाँत धारिला भएमा, मुखको घाउँ खटिरा दुई हप्तासम्म पनि ठीक नभएमा र सूर्ती सेवन जस्ता नराम्रो बानीहरु लगातार रहिरहेमा डर ालाग्दो रोग अर्बुद (क्यान्सर) र ोगको सामना गर्नुपर्ने हुन्छ ।

**दन्त स्वास्थ्यको महत्व**

रोग लागेपछि रोगको उपचार गर्नुभन्दा रोग लाग्न नै नदिनु भन्ने उखान अन्य क्षेत्रमा जस्तै दन्त चिकित्सामा पनि ज्यादै महत्व राख्दछ । आत्महत्या गर्न सक्नेसम्मको दुखाईबाट मुक्त रह महँगो उपचारबाट र ाहत पाउन, मुखको रोगको कारणले शरीरका अन्य रोगहरुबाट ग्रसित नहुन, दन्तअपाङ्गबाट बच्नका लागि स्वस्थ जीवन यापन गर्न दन्त स्वास्थ्यमा ध्यान दिनु पर्दछ ।

हामीजस्तो विकासोन्मुख देशका जनताहरुले जहाँ विभिन्न किसिमका डरलाग्दा रोगहरुद्वार ा दिनहुँ अमूल्य जीवन गुमाईरहेका छौं, त्यहाँ सरकारबाट दन्त चिकित्सा उपेक्षित हुनु कुनै नौलो होइन । हामीहरु दन्त स्वास्थ्यमा ध्यान दिएर यसबाट उत्पन्न हुनसक्ने समस्याहरु रोगहरुबाट टाढै रहेर लामो समयसम्म दाँतको महत्वलाई जोगाई राखेर दाँतको सदुपयोग गर्न सक्दछौं ।

**रोकथामः–**

मुख तथा दाँतको सफाई दिनको २ पटक विहान-बेलुका खाना खाइसकेपछि दन्तमन्जनको प्रयोग गरि ब्रस गरेर गर्न सकिन्छ । गुलियो टाँसिने, प्रसोधित खाना नखाने वा कम प्रयोग गर्ने, नराम्रो बानीहरु हटाउने जस्तै : सूर्ती सेवन, मद्यपान साह्रो वस्तुको प्रयोग तथा कोल्ड ड्रिङ्स र वियरको बोतलहरु दाँतले खोल्ने र सन्तुलित खानाको प्रयोग गर्नु पर्दछ । त्यसैगरी मलाई दाँतको रोग लागेको छैन भनेर चुपचाप लाग्नु वा दाँतको रोग लाग्यो भने आतिलिनुभन्दा नियमित रुपमा ६-६ महिनामा दन्तस्वास्थ्य परीक्षण एवम् सल्लाह लिनु उत्तम हुन्छ ।

# बिचाः हायेका

**जन्म**
**ने.सं.१०४२ पोहेलगा आमै**



**स्व. बागमति महर्जन**

**मदगु**
**ने.सं.११३५ थिंलागा षष्ठि**

नगांया समजसेवी स्व.पद्मवहादुर महर्जनया जहान **बागमति महर्जन** २०७१ मंसिर २६ गते ९३ दँय् मदुगुलिं मदुम्हेसिया आत्माया चिरशान्तिया कामना नापं सुखावति भुवनय् वास लायेमा धकाः कामना यासें दुःखंकःपिं सकल छेँजःपिन्सं मनचिइ फयेमा धकाः बिचाः हायेका च्वना ।

## नगां ज्ञानमाला भजन खलः

नगां, किपू –१६

# स्वर्गिय शुकराम दाइया स्वस्थानी बाखं



स्व. शुकराम महर्जन

*नेपालभाषाया नाटक साहित्य, संगित ख्यः व थीथी समाजिक सेवाय् मन क्वसाय्का समाज सेवा याना २०६२ साल मंसिर महिनाय् ८० दँय् दिवंगत जुयादीम्ह पाँगा भुजिन्द त्वाःया शुकराम महर्जनं थीथी सफूत ब्वनाः नेवाःतसें थुइक मांभाय् नेपालभाषां च्वयादीगु माघ लच्छि बाखं कनीगु श्री स्वस्थानी बाखंया सफूया छुं छुं ब्वः थन न्ह्यब्वय् त्यनागु जुल। थुकी छुं भिंके माःसा सुझाव बियादिइत इनाप यानाच्वना* (संपादक)

**(वंगु वालय् श्रीश्रीश्री स्वस्थानी परमेश्वरी व्रतकथाया च्यागूगु अध्याय ब्वनादिल आः कथहं ब्वनादिसँ)**

कुमारं आज्ञा जुया बिज्यात– हे अगस्त्य मुनि ! अनंलिपा थुखे स्वर्गय् इन्द्रादी सकल देवगणपिं श्री महादेवं सतीदेवीया मृतलास पाछाया पृथ्वीलय् भ्रमण यानाजूगु खनां बैकुण्ठय् वना श्री विष्णुयाके बिन्तियात– हे परंब्रम्ह ! थ्व ब्रम्हाण्ड संसारय् हजुरं रचना याना बिज्याइ श्री महादेवं रक्षा याना बिज्याइ अथे जूगुलिं थुगु बखते जगदिश्वर श्री महादेवं सतीदेवीया लास दयाच्वनी अनतक श्री महादेवं संसारया ब्यवस्था पाखे सुदृष्टि तया बिज्याय् फैमखु तसर्थ हजुरया माया व मृत लास ध्वगिका अथवा की दाय्का पतन याय्गु उपाय याना बिज्याय्माल । थुलि इन्द्रादि देवगण सकलया बचन न्यनाः श्री नारायणं आज्ञाजुल– हे इन्द्रादि देवगण ! छिकपिंसं बहुत बेसगु सुचं बिल जि अति हर्षजुल । थ्व उपाय जिं याकनं हे याय्गु जुल । आः छिकपिं थःथःगु थासय् झासँ धकाः देवगण सकलयात बिदा बिया अनंलिपा थःगु मायां छुं वासः उत्पति याना सतीदेवीया मृत लास ध्वगिका बिल । अले सतीदेवीया मृत लास कुचा कुचा दया, गन गन सतीदेवीया अंग पतन जुल अन अन छगू छगू पीठ उत्पति जुया व थासय् चतुरमुख ब्रम्हां स्वयम भूलिंग उत्पति याना बिज्यात । न्हापां नेपालखण्डय् गुह्य पतन जुल । नेपाल पीठ गुह्येश्वरीदेवी चन्द्रघण्टा योगिनी सिद्धेश्वर महादेव उत्पति जुया शिवशक्ति स्वरुप जुया बिज्यात व पुण्यभूमिं इन्द्रादि देवगण वया तपस्या यात इश्वरी सन्तोष जुया सत्य त्रेता द्वापर कलि युगय् तेतिसकोति देवता धका प्रख्यात जुइधका वरदान बिया बिज्यात ॥ १ ॥ कामरुप थासय् छाति पतन जुल कामरुप पीठ कामाक्षादेवी कर्ता योगिनी चक्रेश्वर महादेव उत्पति जुया शिवशक्ति स्वरुपं बिज्यात व पुण्य भूमी यक्षगण वया तपस्यायात इश्वरी प्रशन्न जुया स्वर्ग मर्त्य पाताल जुल वाराणसी पीठ विशालाक्षी देवी संकटा योगिनी विश्वेश्वर महादेव उत्पति जुया शिवशक्ति स्वरुपं बिज्यात व पुण्यभुमीं गन्धर्व गण वया अनेअनेगु बाजा थाना में हाला तपस्या यात इश्वरी खुसि जुया वाक्य सिद्ध जुइमा धकाः वरदान बिया बिज्यात ॥३॥ हानं पौरवन्ध थासय् जःन्हय्पं कुतुंवन पौरवन्ध पीठ अम्बीका देवी चन्द्रवेगा योगिनी धनेश्वर महादेव उत्पति जुया शिवशक्ति स्वरुपं बिज्यात व सिद्धभूमी दैत्यगण वया तपस्या यात इश्वरी प्रशन्न जुया देवगणयात त्याके फैगु जुल धका वरदान बिया बिज्यात ॥४॥ हानं कास्मीर थासय् में कुतुंवन कास्मीर पीठ शारदादेवी घरघण्टा योगिनी श्रमधारेश्वर महादेव उत्पति जुल शिवशक्ति स्वरुपं बिज्यात थ्व पुण्यभूमी किन्नर गण वया तपस्यायात इश्वरी खुसिजुया मनवाञ्छा सिद्ध जुइमा धका वरदान बिया बिज्यात ॥५॥ हानं कन्नौज थासय् छ्यों कुतुंवन कान्यकुञ्ज पीठ झंकेश्वरीदेवी चन्द्रायोगिनी दुग्धेश्वर महादेव उत्पति जुया शिवशक्ति स्वरुपं बिज्यात व पुण्यभुमीं रावण वया तपस्यायात इश्वरी खुसि जुया देवलोक त्याके फयेमा धका वरदान बिया बिज्यात ॥६॥ हानं पुर्णागिरी थासय् वना खःगु न्हेपं कुतुंवन पूर्णागिरीपीठ कपाल कुण्डला योगिनी चन्देश्वर महादेव उत्पति जुया शिवशक्ति स्वरुपं बिज्यात व हर्षभूमीं गन्धर्व गण वया नानां किसिमं प्याखं हुया में हाला तपस्या यात । इश्वरी प्रसन्न जुया इन्द्रया सभाय् गुबले तालय् मदोनेमा धकाः वरदान बिया बिज्यात ॥७॥ हानं चामुण्डा चलथासय् वना लुसि कुतुंवन चामुण्डाचल पीठ पुकम्वीदेवी कालीका योगिनी इच्छा विरुकेश्वर महादेव उत्पति जुया शिवशक्ति स्वरुपं बिज्यात व सिद्धभूमीं नारदमुनि वया तपस्या यात इश्वरी खुसि जुया छंगु वाक्य सिद्धि जुइमा धका वरदान बिया बिज्यात ॥८॥ हानं अस्तातक थासय् वना जःगु ल्हा कुतुंवन अस्तातक पीठ कर्तेश्वरीदेवी एकाछि योगिनी निन्द्रापतीश्वर महादेव उत्पति जुया शिवशक्ति स्वरुपं बिज्यात व पुण्यभूमीं राधिकागण वया तपस्या यात इश्वरी प्रसन्न जुया सदासर्वदा कृष्ण दाहिना जुइमा धका वरदान बिया बिज्यात ॥९॥ हानं एकावर थासय् वना खःगु ल्हाः कुतुंवन एकवर पीठ सिद्धेश्वरी देवी सिद्धियोगिनी दुग्धेश्वर महादेव उत्पति जुया शिवशक्ति स्वरुपं बिज्यात व रत्नभूमीं कर्णवीर प्रभृति समसान वया तपस्या यात इश्वरी प्रसन्न जुया सम्पूर्ण मृतकया भष्म याय् फयेमा धका वरदान बिया बिज्यात ॥१०॥ हानं त्रिस्वेत थासय् वना मलद्वार पतन जुल त्रिस्वेतपीठ महाकालेश्वरीदेवी विकट दत्तायोगिनी त्रिपुरेश्वर महादेव उत्पति जुया शिवशक्ति स्वरुपं बिज्यात व पुण्यभूमीं यमराज वया नानां उपचारं पूजायाना तपस्या यात । इश्वरी प्रसन्न जुया ब्रम्हाया सृष्टि संहार याय् फयेमा धका वरदान बिया बिज्यात ॥११॥ हानं कामरोष्ट थासय् वना कथु कुतुंवन कामरोष्ट पीठ कामिनीदेवी कालेश्वर महादेव उत्पति जुया शिवशक्ति स्वरुपं बिज्यात व पुण्यभूमी पृथ्वीमाता वया नानां उपचारं पूजायाना तपस्या यात । इश्वरी प्रसन्न जुया सृष्टिया स्थान जुइमा धका वरदान बिया बिज्यात ॥१२॥ हानं पर्वतये वना जःगु पाल्तः कुतुंवन। कैलास पीठ पार्वतीदेवी अम्बीका योगिनी विस्वम्भेश्वर महादेव उत्पति जुया शिवशक्ति स्वरुपं बिज्यात व सिद्धभूमीं चतुरमुख ब्रम्हा वया नानां किसिमं होम आदि यज्ञ याना तपस्या यात इश्वरी खुसि जुया वरदान फों धका आज्ञा जुसेंलि ब्रम्हा बिन्तियात स्वर्ग मर्त्य पाताः स्वंगू लोकया सृष्टि कर्ता जुइ दयेमा धका फोंसेंली तथास्तु धका वरदान बिया बिज्यात ॥१३॥ हानं भृगु थासय् वनां च्वय्च्वंगु वाधी । कुतुंवन भृगुपीठ मिनाछीदेवी ब्रम्हदेहायोगिनी सत्यश्वर महादेव उत्पति जुया शिवशक्ति स्वरुपं बिज्यात व पुण्यभूमीं धर्मदत्त वया योगमायां तपस्या यात इश्वरी प्रसन्न जुया वरदान फों धकाः आज्ञा जुसेंलि जित सुनानं त्याके मफयेमा धका फोंसेंलि तथास्तु धका वरदान बिया बिज्यात ॥१४॥ हानं केदार थासय् वना खःगु पाल्तः पतन जुल केदारपीठ केदारेश्वरी देवी मुण्डा योगिनी कोटेश्वर महादेव उत्पति जुया शिवशक्ति स्वरुपं बिज्यात व पुण्यभूमीं एकादश रुद्र वया योगमायां तपस्या यात इश्वरी प्रसन्न जुया वरदान फों धका आज्ञाजुल अले एकारुद्रं जिपिं फुक्कसियां बराबर तेज जुइमा धका बिन्ति यासेंलि तथास्तु धकाः वरदान बिया बिज्यात ॥१५॥ हानं चन्द्रपुर थासय् वना जःगु मिखा कुतुंवन चन्द्रपुरपीठ सिद्धिकला योगिनी सिद्धिदेवी प्रकासेश्वर महादेव उत्पति जुया शिवशक्ति स्वरुपं बिज्यात व सिद्धभूमीं देश दिग्पाल वया तपस्या यात इश्वरी प्रसन्न जुया छिमिगु थःथःगु दिग् स्थितिजुइमा धका वरदान बिया बिज्यात ॥१६॥ हानं श्री पीठ थासय् वना भच्चा कुतुंवन श्रीपीठ श्री प्रदादेवी भद्रायोगिनी कमलेश्वर महादेव उत्पति शिवशक्ति स्वरुपं बिज्यात व पुण्यभूमीं अस्तुवसु वया पूजायाना तपस्या यात इश्वरी प्रसन्न जुया छिमिगु इच्छा सिद्धजुइमा धका वरदान बिया बिज्यात ॥१७॥ हानं एकावी थासय् वना त्यपुचा कुतुंवन एकावीर पीठ एकाविरादेवी गोरक्षायोगिनी हातकेश्वर महादेव उत्पति जुया शिवशक्ति स्वरुपं बिज्यात व पुण्यभूमीं नाग आदि वया नानां रत्नादि छायाः पूजायाना तपस्या यात । इश्वरी प्रसन्न जुया सत्य पातालया अधिपती जुल धका वरदान बिया बिज्यात ॥१८॥ हानं जालंधर थासय् वना क्वय्यागु म्हुतुसि कुतुंवन जालंधर पीठ जालपादेवी ज्वालामुखी योगिनी पिसाचेश्वर महादेव उत्पति जुया शिवशक्ति स्वरुपं बिज्यात व सिद्धभूमीं कामधेनु सा वया थःगु दुरू छाया तपस्या यात । इश्वरी प्रसन्न जुया छंगु दुरू व खि पवित्र जुइमा धका वरदान बिया बिज्यात ॥१९॥ हानं मल्लवी थासय् वना खःगु पालिफो कुतुंवन मल्लवीपीठ महाकालीदेवी कराला योगिनी भूपालेश्वर महादेव उत्पति जुया शिवशक्ति स्वरुपं बिज्यात व पवित्रभूमीं द्वादशादित्य वया तपस्या यात इश्वरी प्रसन्न जुया झिंनिगू महिनाया अधिपति जुल धका वरदान बिया बिज्यात ॥२०॥ हानं कुशलान्त थासय् वना छ्योंया सँ फुक्क कुतुंवन कुशलान्त पीठ समशान कालीदेवी भूतघण्टा योगिनी क्षिरेश्वर महादेव उत्पति जुया शिवशक्ति स्वरुपं बिज्यात व सिद्धभूमीं अस्वीन्यादी नक्षत्र वया तपस्यायात इश्वरी प्रसन्न जुया ज्योतिष शास्त्र छिमिगु अधिन जुइमा धका वरदान बिया बिज्यात ॥२१॥ हानं गोकर्णथासय् वना खःगु न्हय्पं कुतुंवन गोकर्ण पीठ भैरवी देवी एक जंघा योगिनी जागेश्वर महादेव उत्पति जुया शिवशक्ति स्वरुपं बिज्यात व पुण्यभूमी विस्कुम्भादियोग वया महाकष्टं तपस्या यात इश्वरी खुसि जुया ज्योतिष शास्त्र छिमिगु अधिन जुइमा धका वरदान बिया बिज्यात ॥२२॥ हानं देवीकोट थासय् वना खःगु पुलि कुतुंवन देवीकोटपीठ भद्राक्षी देवी ललितायोगिनी मातेश्वरी महादेव उत्पति जुया शिवशक्ति स्वरुप बिज्यात व पुण्यभूमीं मेषादि १२ रासी वया तपस्या यात । इश्वरी खुसि जुया मनूत दक्को छिमिगु अधिन जुइमा धका वरदान बिया बिज्यात ॥२३॥ हानं मातुलेश्वर थासय् वना जःगु स्तन (दुरु) कुतुंवन मातुलेश्वरपीठ योगश्वरी देवी पिंगला योगिनी बुधरोधेश्वर महादेव उत्पति जुया शिवशक्ति स्वरुपं बिज्यात व रत्नभूमीं कश्यप आदि ऋषि वया तपस्या यात इश्वरी प्रसन्न जुया पेंगु वेद छिमिगु अधिकार जुइमा धका वरदान बिया बिज्यात ॥२४॥ अट्टहासय् क्वय्पाखे च्वंगु वा कुतुंवन । अट्टहासपीठ, भ्रामरीदेवी, शङखधरा योगिनी, सप्तभूतेश्वर महाद्यः उत्पत्ति जुल शिवशक्तिस्वरूप जुयाच्वन । व सिद्धभूमी बाग्मती आदि गङ्गाजीं तप यात । ईश्वरी लयतायाः भुक्तिमुक्तिया अधिकारी ज्वीमा धकाः वरदान बिया बिज्यात ॥२५॥

**इति श्री स्कण्डे पुराणे कुमारखण्डे माघमाहात्मे कुमार अगस्त्य संवादे श्री स्वस्थानी व्रतकथा पीठोत्यति गुगू अध्याय ॥९॥**


अब कीर्तिपुर बजारमा




ओइलिएको फूल

अब कीर्तिपुरमा आफ्नोप्रति सुरक्षित गर्नुहोला

कीर्तिपुरका उपन्यासकार नजरराम महर्जनको उपन्यास



# हार्दिक श्रद्धाञ्जली



जन्म:
वि.सं. १९७८/०२/१९



निधन:
२०७१/०८/२७





**स्व. ज्ञानी थकुँ महर्जन**

हाम्रा प्रात:स्मरणीय ममतामयी आमा/हजुरआमा **ज्ञानी थकुँ महर्जन**को यही मंसिर २७ गते ९३ वर्षको उमेरमा दु:खद निधन भएकोले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दु:खद घडीमा धैर्य धारण गर्न हामीमा समवेदना प्रकट गर्नु हुने आफन्तजन, साथीभाईहरु र सम्पूर्ण शुभचिन्तक महानुभावहरुमा आभारी व्यक्त गर्न चाहन्छौं।

**छोरा/बुहारी:**
**नातिभाई महर्जन/ सरस्वति महर्जन**
**राम महर्जन/ हेरानानि महर्जन**

**नाती/ बुहारी**
**रोसन महर्जन/ राज्यलक्ष्मी महर्जन**
**सतिस महर्जन/ सहनशिला महर्जन**
**अशिन महर्जन**
**राजिव महर्जन/ करुणा महर्जन**
**पनातिहरु:**
**शफिन महर्जन, रोनान महर्जन**
**पनातिनी:**
**राविया महर्जन**

**ज्वाईं : बुद्ध महर्जन**
**नातिनी /ज्वाई**
**सरिता महर्जन/ मधु महर्जन**
**शोभा महर्जन/ रामभोला महर्जन**
**विना महर्जन/ दीपक महर्जन**

**पनातिहरु:**
**आशिष बाबु महर्जन**
**सलिना महर्जन**
**समिप महर्जन**
**मनिष महर्जन**
**समाया महर्जन**
**सालिन महर्जन**

# खस र आदिवासी जनजातिको मोर्चाबन्दी




**–अर्जुन जम्नेली–**

"पहिचानसहितको राज्य, पूर्ण समानुपातिक निर्वाचन प्रणाली, धर्मनिरपक्षेता र जनसंख्याको आधारमा समावेशी बनाऊ', खस समावेशी राष्ट्रीय पार्टीका कार्यवाहक अध्यक्ष राजन केसीले आक्रोश पोखिरहँदा हलमा ताली नबजाउने सायद कोही थिएनन् । निकैबेर ताली गुन्जि रह्यो । गत आइतबार काठमाडौंस्थित तमु बौद्ध गुम्बा सेवा समिति, अनामनगरमा खसान राष्ट्रीय संघर्ष समिति घोषणा भएको थियो। केही पत्रकार र धेरैजसो खसहरुले भरिएको हलमा अध्यक्ष केसीले आफ्ना भनाइ राखिरहँदा आदिवासी जनजाति राष्ट्रीय आन्दोलन नेपालका अध्यक्ष पद्मरत्न तुलाधर, संघीय समाजवादी पार्टीका अध्यक्ष अशोककुमार राई, प्राध्यापक बालकृष्ण माबुहाङ, नेपाल आदिवासी जनजाति महासंघका संस्थापक महासचिव सुरेश आलेमगर, पूर्वमहासचिव डा. ओम गुरुङ, पूर्वमन्त्री खगेन्द्रजंग गुरुङलगायतका सबैले ताली ठोकेर समर्थन जनाएका थिए । अध्यक्ष केसीले खसहरु देशका हरेक अंगमा अत्यन्त न्यून मात्रामा रहेको तथ्याङ्क प्रस्तुत गर्दै सम्मानपूर्ण समावेशी राज्य नबनाइए विद्रोह निश्चित रहेको उद्घोषसमेत गरे । केसीले भने, 'त्यो बेला वर्तमान शासकहरु कुहेको मेवाजस्तै झर्नेछन् ।'

नेपालमा खस, आदिवासी जनजातिले भूमि र मधेसीले सिमाना रक्षा गरेको हजारौं वर्ष भयो भन्दै केसीले भने, 'सिमानामा मधेसी जनता भारतीय शासकहरुबाट समेत उत्पीडित हुँदै आएको छ, तर नेपाली शासकहरुको चासो छैन । म र मेरो पार्टीलाई नेपालका शासकहरुले विखण्डनकारी भन्दै आएका छन् । हामीलाई खसहरुलाई जबर्जस्ती भिडाएको जनै चुँडाएर राष्ट्रीय मुक्ति आन्दोलनमा आउन तयार छौं ।'

'नेपाललाई सहअस्तित्वसहितको समावेशी बनाऊ भन्दा शासकहरु जबर्जस्ती गृहयुद्धतिर धकेल्न खोजिरहेका छन्', केसीले थप भने, 'हामी खसहरु अब दोस्रो दर्जाको नागरिक भएर बाँच्दैनौं । नेपालमा सामर्थ्यका चार र पहिचानका पाँच आधारसहितको खसान स्वायत्त राज्य हुनुपर्छ ।'

अध्यक्ष केसीले नेपालका आदिवासी जनजाति, मधेसी, दलित, मुस्लिम, पिछडा वर्ग र पहिचानको पक्षमा रहेका दलहरुसँग कार्यगत एकता गरेर आन्दोलनमा जानुपर्ने बताए ।

कार्यक्रममा बोल्दै बालकृष्ण माबुहाङले बाह्रौं शताब्दीमा भारतमा मुसलमान शासकहरुको आक्रमणपछि नेपाल पसेका ब्राम्हणहरुले खसहरुलाई हिन्दूकरण गरेको तथ्य प्रस्तुत गरे । 'नेपालका मानवशास्त्री, समाजशास्त्री र राजनीति शास्त्रीहरुले मानव, समाज र राजनीतिको अध्ययन गर्दैनन्, बरु रुख र बाँदरको गर्छन्', माबुहाङले थप भने, 'मानव, समाज र राजनीतिको गर्नुपर्‍यो भने खस, आदिवासी, दलित, मधेसी, पिछडा वर्गको गर्नुपर्छ र उनीहरुको पीडा सार्वजनिक गर्नुपर्छ, त्यही भएर गर्दैनन् ।' उनले थप भने, 'नेपाली समाजको चरित्र बुझेर बहुराष्ट्रीयताको कुरा गर्दा हामीलाई विखण्डनकारी भनिन्छ । वास्तवमा हामी एक हिन्दू राष्ट्रीयताको अन्त्य गरेर, दबाएर राखिएका विखण्डित राष्ट्रहरुलाई फूलको मालाजस्तै जोड्न चाहन्छौं ।

हिन्दू अधिराज्य बनाउने उल्टो बाटोतिर होइन, बहुराष्ट्रीय राज्य स्थापनामा लाग्नुपर्छ ।' आदिवासी जनजाति राष्ट्रीय आन्दोलन नेपालका अध्यक्ष पद्मरत्न तुलाधरले नेपालमा सबभन्दा बढी खसहरु उत्पीडनमा परेको बताउँदै भने, 'हामी करिब दुईतिहाइको संख्यामा रहेका जातजातिले अब माग होइन, आदेश दिने हो । उत्पीडित जातिहरु कार्यगत एकता होइन, एकाकार (एकता) गरेरै आन्दोलनमा जानुपर्छ । त्यसका लागि ढिलो भइसकेको छ । राष्ट्रीय शक्ति निर्माण नगरेसम्म हामीलाई पत्याउँदैनन् । अब एकताबद्ध भएर सडक संघर्षमा जानुपर्छ ।' कार्यक्रममा संघीय समाजवादी पार्टीका अध्यक्ष अशोक राई, महासंघका संस्थापक महासचिव सुरेश आलेमगरलगायतले एकताबद्ध आन्दोलन गर्नुपर्ने बताए ।

## खसान राष्ट्रीय संघर्ष समिति घोषणा

सोही कार्यक्रममा प्रेमबहादुर खातीको संयोजकत्वमा २५१ सदस्यीय खसान राष्ट्रीय संघर्ष समिति घोषणा भएको छ । संघर्ष समिति घोषणँसँगै वितरण गरिएको प्रेस विज्ञप्तिमा खसहरु धर्मनिरपेक्षता स्वीकार गर्दै सामाजिक विभेदको अन्त्य, पहिचानसहितको संघीय राज्य स्थापना, पूर्ण समानुपातिक निर्वाचन प्रणँलीको पक्षमा रहेको उल्लेख गरिएको छ ।नेपालका आदिवासी जनजाति, मधेसी, दलित, मुस्लिम लगायतका उत्पीडित जाति हरुसँग एकताबद्ध भएर आन्दोलनमा जान तयार भएको विज्ञप्तिमा उल्लेख छ । खसलाई आदिवासी जनजातिमा सूचीकरण गरिनुपर्ने, पहिचानको आधारमा खस स्वायत्त राज्य कायम गरिनुपर्ने, सरकारसँग २०६८ चैत्र १३ गते भएको सम्झौता कार्यान्वयन गरिनुपर्ने, जातीय जनसंख्याको आधारमा राज्यका हरेक अंगमा खसहरुलाई समावेशी गराइनुपर्ने चारबुँदे मागसमेत विज्ञप्तिमा उल्लेख छ । *(अनलाइन खबरवाट)*


# हार्दिक श्रद्धाञ्जली

बुदिं : ने. सं. १०४२
पोहेलागा आमै



मदुगु : ने.सं.११३५
थिंलागा षष्ठि

**स्व.बागमति महर्जन**

यस सहकारी संस्थाका संस्थापक अध्यक्ष श्री गंगामान महर्जनका हजूर आमा, शेयर सदस्यहरु श्री उत्तम महर्जनको आमा, श्रीमती भुवनेश्वरी मैया महर्जनको सासु, श्री प्रदीप महर्जन, श्री रामचन्द्र महर्जनको हजूरआमा, श्रीमती विष्णु महर्जन, श्रीमती रामदेवी महर्जन र श्रीमती सुनिता महर्जनको सासु हजूरआमा **बागमति महर्जन**को यही मंसिर २६ गते ९३ वर्षको उमेरमा दुःखद निधन भएकोमा हामी सम्पूर्ण साथीहरु मर्माहित भएका छौ । साथै यस दुःखद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण तथा शोक सन्तप्त परिवारजनमा समवेदना प्रकट गर्दछौं

**बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.**

**नगाउँ, कीर्तिपुर- १६, फोन नं.४३३६२८६**




A reputed Mobile Distribution Company which is located in Kirtipur require for the dynamic, versatile, hard working, and have a good knowledge and experience candidates for the following posts.

**Marketing Manager 1**

Master Degree in Business/ Management/ Marketing

Atleast 3 years of exprience.

**Accountant 2**

Bachlore in Business/ Management / Marketing

Should have the capacity of controlling all the a/c of company

Atleast 3 years of Exprience.

**Store Keeper 1**

+2 in Commerce. Should have a good capacity of handling stocks.

**Marketing Officer 10**

Should have the good knowledge of marketing.

+2/ Bachlore in studies

# Ace Multi Solution Tech Pvt. Ltd

Kirtipur, 17 Above Kathmandu Tailoring

Contact: Rakesh Maharjan 9801130122 / 9841718806